म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४४ मंगलबार २६ भदौ २०८० ने. सं. ११४३ गुँलागा 12 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बाराबाट मकवानपुरका दुईजना पक्राउ

हेटौँडा, २५ भदौ/जिल्ला प्रहरी कार्यालय बाराले जिल्लाको निजगढ नगरपालिका-९ सिम्रिस्थित जंगलबाट आइतबार दिउँसो अवैध लागूऔषध गाँजासहित तीनजना पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको बकैया गाउँपालिका-९ बस्ने २८ वर्षीय सुजन घलान, मकवानपुरगढी गाउँपालिका-१ बस्ने २६ वर्षीय गणेशबहादुर बन्जन, रौतहट चन्द्रपुर नगरपालिका-३ बस्ने ३४ वर्षीय छबिलाल स्याङतान रहेका छन् । उनीहरुलाई ईलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरीले ५ किलो गाँजासहित पक्राउ गरेको हो । प्रहरीका अनुसार, ना.४५ प ३४३ नम्बरको मोटरसाइकलमा सवार सुजन र गणेशले गाँजा छबिलाललाई बिक्री गर्न लागेको भन्ने खबर प्राप्त हुनासाथ पुगेको प्रहरीले तीनै जनालाई पक्राउ गरेको हो । उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# बागमतीमा ३८ हजार बालबालिका जोखिमपूर्ण श्रममा, एक लाख बढी बालश्रमिक

## मन्त्रीको दुखेसो, 'सडक, पुलको बजेट माग्न मात्रै आउँछन्'

निशा गुरुङ

हेटौंडा, २५ भदौ/ हेटौंडामा बालश्रम निवारणका लागि प्रदेशस्तरीय संसदीय पहल विषयक छलफल कार्यक्रममा प्रदेशभर निकृष्ट बालश्रमले सीमा नाघेको तथ्यांक सार्वजनिक भएको छ ।

विगतमा केन्द्रीय सरकार र राज्य पुन:संरचना पछि बनेका तीन तहकै सरकारले बालश्रम न्यूनीकरणमा गरेको खर्च बालुवामा पानीहाले जस्तै भएको तथ्यांक पाइएको हो । जनघनत्व धेरै रहेको बागमती प्रदेशमा बालश्रममा प्रयोग हुने बालक र बालिकाको संख्या करिब हाराहारी जस्तै छ । राष्ट्रिय बालदिवसको अबसरमा आयोजित छलफल कार्यक्रममा स्वतन्त्रता अभियानका अभियान्ता प्रतिक्षा केसीले बालश्रम निवारण तथा बालसंरक्षण प्रणालीका लागि संसदीय पहल सम्बन्धी प्रस्तुतीकरण दिँदै बागमती प्रदेशका बालबालिकाको अवस्थाबारे जानकारी गराएकी थिइन् ।

केसीद्वारा प्रस्तुत गरिएको तथ्यांक अनुसार बागमती प्रदेशमा १४ देखि १७ वर्ष उमेर समूहका २५ हजार बालक र १३ हजार बालिका जोखिमपूर्ण श्रममा संलग्न रहेका छन् । ५ देखि १७ वर्ष उमेर समूहका करिव १ लाख १० हजार, ५ देखि १३ वर्ष समहूका ७५ हजार र १४ देखि १७ वर्ष उमेर समूहका बालबालिका बालश्रममा संलग्न रहेका छन् । जसमध्ये ५७ हजार बालक र ५४ हजार बालिकाहरु बालश्रममा रहेको जनाइएको छ । सहरी क्षेत्रमा ५४ हजार बालश्रमिक रहेका छन् भने ग्रामीण क्षेत्रमा ५६ हजार बालबालिका रहेको तथ्यांकले देखाएको छ ।

स्वतन्त्रता अभियानका अभियन्ता केसीका अनुसार बालश्रम निवारण गर्न सांसदहरुले संसद बैठक वा संसदीय समितिको बैठकलाई उपयुक्त कार्यसम्पादनका लागि प्रेरित गर्नुपर्ने जनाएकी छन् । उनले आवश्यक नीतिगत मार्गदर्शन विधिको कार्यान्वयनमा भएका ढिलाइमा सांसदहरुले खबरदारी गर्नुका साथै प्रदेशलाई बालअधिकार सुनिश्चित बालमैत्री प्रदेश बनाउनका लागि श्रममा संलग्न भइ भविष्य जोखिममा परेका बालबालिकाको लागि प्रदेश सरकारलाई तीव्र गतिमा क्रियाशीलता, प्रभावकारी नीति र कार्यक्रम तथा बजेट र लगानीका लागि आवश्यक निर्देशन र सुझाव दिन जरुरी रहेको बताइन् ।



सोमवार दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्चको आयोजनामा भएको बालश्रम निवारणका लागि प्रदेशस्तरीय संसदीय पहल विषयक छलफल कार्यक्रम भएको हो । दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशका संम्योजक प्रकाश खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका श्रम रोजगार तथा तथा यातायात मन्त्री लक्ष्मण लम्सालको प्रमुख आतिथ्यता रहेको थियो । मन्त्री लम्सालले मन्त्रालयमा बालबालिकाका विषयमा कार्यक्रम माग गर्न आउनेहरुको संख्या कम हुने गरेको बताए । उनले मन्त्रालयमा भौतिक पूर्वाधार विकासको माग गर्ने मात्रै धेरै आउने गरेको बताए ।

'मन्त्रालयमा बाटो चाहियो, पुल चाहियो भन्ने माग बढी छ । भौतिक पूर्वाधार मात्रै विकास होइन ।', मन्त्री लम्सालले भने, 'हाम्रो बालश्रम मात्रै अन्त्य गर्ने होइन श्रमिकको सबै समस्या अन्त्य गर्ने कुरा पनि हाम्रो प्राथमिकता भित्र पर्छ ।', मन्त्री लम्सालले बागमती प्रदेशमा श्रम रोजगार नीति बनाइसकेको र कानुन बनाउने चरण रहेको बताउँदै कानुन बनाउँदाखेरी बालश्रमलाई सम्बोधन गरेर कानुन बनाउने कुरामा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा सांसद हरि प्रसाद सापकोटाले बागमती प्रदेश सरकारल समृद्धिलाई अगाडि बढाउन नसकेसम्म बालश्रम अन्त्य नहुने बताए । गरिवी, अशिक्षा कारणले पनि अभिभावकहरु आफ्ना बालबालिकालाई श्रममा लैजान बाध्य भएको बताउँदै अभिभावकहरुलाई सचेत गराउनुपर्ने बताए । उनले यो क्रम अन्त्यका लागि राज्यपक्षले गम्भिरतापूर्वक ध्यान दिन जरुरी रहेको बताए । त्यसैगरी, सांसद रामकुमार पहाडीले राज्यव्यवस्था, आचरण र व्यवहारमा परिवर्तन नभएसम्म मुलुकमा बालश्रम, गरिवी र भ्रष्टाचार अन्त्य नहुने बताए । उनले बालश्रम अन्त्यका लागि धेरै कार्यक्रम भएपनि न्यूनीकरण हुन नसकेको दावी गरे । उनले प्रदेश सरकारले बालश्रम अन्त्यका लागि आउने विधेयकहरु आफूले आँखा चिम्लेर समर्थन गर्ने समेत बताए ।

सांसद रुकु चौलागाईले राज्यले बालश्रम अन्त्यका लागि नीतिनियम कानुन बानउनुपर्ने बताइन् । अर्का सांसद सुष्मा भुजेल न्यौपानेले पनि बालश्रम अन्त्य गर्न आफूले सँधै साथ दिने बताइन् । उनले बालबालिका भविष्यका बारेमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताइन् । सांसद भुवनकेशरी श्रेष्ठले बालबालिकाका विषयमा काम गर्ने १५/२० वटा संघ संस्थाहरु भएपनि बालश्रम न्यूनीकरण हुन नसकेको बताइन् । उनले व्यक्तिको चेतनाको कमीले बालश्रम बढिरहेको बताएकी छन् । प्रदेश सरकारले आर्थिकरुपमै कसरी लैजान सकिन्छ भनेर नीतिनियम बनाउनसके बालश्रम रोक्न सक्ने सुझाव दिइन् ।

त्यसैगरी, सांसद समिता खड्गीले पनि संघसंस्थाहरु धेरै हुँदा बालश्रम न्यूनीकरण हुनुपर्नेमा बालश्रम भेट्ने गरेको बताइन् । उनले आयोजक संघसंस्थालाई कार्यक्रम गर्दा ठुला होटलहरुमा भन्दा गाउँ क्षेत्रमा गर्न सुझाव दिइन् । कार्यक्रममा दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्चमा आवद्ध सामाजिक संस्थाहरु आसमान नेपाल, बिश्वास नेपाल, सिविस, सिविन, सिडव्लुएस, सिएसएन, डिएचआर डब्लुसी, डिडव्लुएफ, फाया नेपाल, हुरेक, लुनिभा, चाइल्डकन्सर्न, गुडविभ फाउण्डेसन, रुसुफ नेपाल, स्वतन्त्रता अभियान, शक्ति समुख, थारु महिला उत्थान केन्द्र, याभ नेपाल र वाइसिएनका प्रतिनिधिहरुको उपस्थिति थियो ।

नागरिक मञ्चले मञ्चले बालश्रम, बाध्यकारीश्रम र मानव बेचबिखनविरुद्ध हुने क्रियाकलापलाई रोक्नुका साथै प्रदेशको कानुन निर्माणमा सरकारसँग सहयोग गर्ने, कानुनको पुनरावलोकन गर्ने र कानुनको प्रभावकारी कार्यान्वयनका लागि पैरवी गर्दै आएको मञ्च बागमती प्रदेश संयोजक खतिवडाले बताए ।

# मनहरीस्थित स्वास्थ्य इकाइमै छैन बिरामी जाँच्ने बेड

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/मनहरी गाउँपालिका-४ नयाँबस्तीस्थित स्वास्थ्य ईकाईमा बिरामी जाँचका लागि व्यवस्थित बेड समेत नभएको बताइएको छ ।



स्वास्थ्य ईकाईमा बिरामी जाँच्न बेडसमेत नभएपछि स्थनीयहरुले स्थानीय सरकारको आलोचना गरेका छन् । सार्बजनिक सरोकार र महिलामाथि हुने हिंसाका बारेमा स्थानीय सरकार महिलाहरुबीच आयोजना भएको अन्तरक्रिया कार्यक्रममा सहभागी महिलाहरुले बेड नै नभएको अवस्थामा उपचारसेवा कसरी प्रभावकारी हुन्छ ? भन्दै वडाध्यक्षलगायतका जनप्रतिनिधिलाई प्रश्न गरेका छन् । पशुपतिनाथ मावि परिसरमा आयोजित अन्तर क्रिया कार्यक्रममा पातली चेपाङले ४ नम्बर वडाका वडाध्यक्ष प्रकाश थापालाई गुनासो गरिन्, 'बिरामी गएर बस्ने बेड पनि छैन, गर्भजाँच पनि सबैको अगाडि भुँडी देखाएर गर्नुपर्ने अबस्था छ ।',

जबाफमा वडाध्यक्ष थापाले तत्कालै व्यवस्थित बेडको व्यवस्थापन हुने बताए । 'मैले पालिका र स्वास्थ्य शाखालाई यो समस्याबारे ध्यानाकर्षण गराउनेछु र तत्कालै यसको व्यवस्थापन गर्नेछु', वडाध्यक्ष थापाले भने । कार्यक्रममा १५ जनाभन्दा बढीले ४ नं वडाको स्वास्थ्य क्षेत्र, विकास निर्माण, पशुपतिनाथ मावि र चेपाङ प्राथमिक विद्यालयको शैक्षिक समस्याका बारेमा कुरा उठाएका थिए । स्थानीय भगवती चेपाङले विद्यालयका हेडसर के कति कारणले सरुवा गरिएको हो ? भन्ने प्रश्न गर्दै उनले गरिव, बिपन्न समुदायका बालबालिकाका लागि पोशाक, कापीकलम, चप्पलको व्यवस्था गरी दिएर सहयोग गरिरहेकामा अकस्मात सरुवा हुँदा अनौठो लागेको बताइन् ।

कार्यक्रममा पशुपतिनाथ माध्यमिक विद्यालयमा कम्प्युटर कक्षा, पुस्तकालय संचालन नभएको, १७ घर क्षेत्रका खाली घरहरुमा लागूऔषध गाँजासेवनको अखडा बनेको, बाटाहरु हिलाम्य भएर हिँड्नै नसक्ने अबस्था आएको, बाघले खोरबाटै खसी तानेर खाएको, वडा कार्यालयमा फोटोकपी सेवाका लागि सोर्सफोर्स लगाउनुपरेको, पाडी बितरणबारे जनप्रतिनिधिलाई नै सोध्दा पनि जानकारी नदिइएको, सिनक्योकुसिन कराँतेका लागि बजेट नभएकोलगायतका बिषय उठान भएको थियो ।

कार्यक्रममा पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्य, विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतम, वडाध्यक्ष थापालगायतले उठेका बिषयमा जबाफ दिएका थिए । डब्लुपीडीकी फिल्ड सुपरभाइजर तिलकुमारी हुमागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा वडासदस्यहरु, महिला समूहका सदस्यहरु सहभागी भएका थिए । इन्सेक नेपालका कार्यक्रम संयोजक कृष्णप्रसाद नेपालले स्वागतसहित कार्यक्रमको उद्देश्यबारे प्रष्ट पारेका थिए ।

# जिल्लामा डेंगू संक्रमितको संख्या ४२१ पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ४ सय २१ पुगेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।




जिल्लामा सोमबार थप ३ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ४२१ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको हो ।

सोमबार जिल्लाको हेटौंडा उपमहानगरपालिकाका एक जना, मकवानपुरगढी गाउँपालिकाका एक जना र बागमती गाउँपालिकाका एक जनामा डेंगू संक्रमण पुष्टि भएको बताइएको छ । स्वास्थ्य कार्यालयका अनुसार, हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् ।

# हेटौंडामा कन्सर्ट गर्दै 'दी एक्स'




साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ हेटौंडामा 'दि एक्स' ब्याण्डले सांगीतिक कार्यक्रम (कन्सर्ट) गर्ने भएको छ । दि एक्सले आउँदो भदौ ३० गते शनिबार हेटौंडा-५ स्थित रिगल हेटौंडा रिसोर्टमा सांगीतिक कार्यक्रम गर्ने भएको हो ।

मंगलबार हेटौंडामा पत्रकार भेटघाट गर्दै आयोजक नेपाल डाइरिज हेटौंडा प्रालिले कन्सर्टको तयारी तीब्ररुपमा भइरहेको जानकारी दिएको छ । नेपाल डाइरिजका प्रमुख सागर गजुरेलका अनुसार दि एक्सले पहिलोपटक हेटौंडामा सांगीतिक कार्यक्रम गर्न लागेको हो । कन्सर्टमा करिब ७ लाख खर्च हुने अनुमान गरिएको र टिकटबाट प्राप्त हुने रकमबाट खर्च कटाएर बाकी रकम आर्थिक अवस्था कमजोर भएको कारण पढाईमा समस्या भएका विद्यार्थीहरुलाई सहयोग गरिने गजुरेलले बताए ।

डाइरिज हेटौंडाका कार्यक्रम संयोजक समीर सापकोटाका अनुसार कन्सर्ट प्रवेश शुल्क टिकटदर प्रतिव्यक्ति एक हजार रुपैयाँ राखिएको छ । टिकटमा दर्शकलाई पेयपदार्थ नि:शुल्क उपलब्ध गराइने ब्यबस्था गरिएको छ ।

सांगीतिक कार्यक्रम शनिबार अपरान्ह ४ बजेदेखि राति १० बजेसम्म जारी रहने छ । यस्तै स्थानीय कलाकार र ब्यान्डहरुको प्रस्तुति रहने कार्यक्रममा १ हजार भन्दा बढी दर्शकले सहभागिता जनाउने आयोजकले अनुमान गरेको छ ।

# सिंहले भने, 'नदीजन्य पदार्थ उत्खननम्मा रोक लगाउनु हुँदैन'

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट निर्वाचित राप्रपाका सांसद तथा संसदको पूर्वाधार विकास समिति सभापति दीपक सिंहले नेपालका नदी, खोलाबाट गिट्टी बालुवा र ढुंगा उत्खनन कार्य खोल्न आवश्यक रहेको बताएका छन् ।




'खोला, नदीका गिट्टी, ढुंगाहरु समयमा नै उत्खनन गर्न सकेनौं भने बालुवाको रुपमा भारत पुग्छ । त्यहाँबाट हामीले केही पाउँदैनौं ।', सिंहले भने, 'न त व्यवसाय गर्ने व्यवसायीहरुले रोजगारी दिन सक्नुहुन्छ ।', सोमबार काठमाडौंमा आयोजित नदी र खानीजन्यपदार्थको उत्खननमा देखिएका कानुनी समस्या समाधान विषयक राउण्डटेबल कार्यक्रममा सिंहले क्रसर उद्योग सञ्चालनको लागि आवश्यक गिट्टी, बालुवा र ढुंगा उत्खनन रोक्न नहुने बताए ।

'क्रसर उद्योगमा लागेर हजारौं नागरिकहरुले रोजगारी पाएका छन । क्रसर उद्योग बन्द भए ती सबै मानिसहरु विदेश जानुपर्ने अवस्था आउँछ । त्यहाँबाट राज्यले राजश्व पनि गुमाउँछ ।', सिंहले भने, 'खोला, नदी र चुरे संरक्षण गरेर खोलाको गिट्टी बालुवा उत्खनन् गर्न सक्यो भने रोजगारी र पैसा त्यहीं छ ।',

नदी र खोलाको गिट्टी, बालुवा उत्खनन गर्न नदिएर क्रसर उद्योग बन्द गरे हजारौं मानिसहरु विदेशिनुपर्ने अवस्था आउनेमा सरकार सचेत हुनुपर्ने सिंहको भनाइ छ । 'अर्ब रुपैयाँ खोलाको गिट्टी बालुवाबाट आउँछ भने ५० लाख रुपैयाँ खोला संरक्षणको लागि खर्च गर्न आवश्यक छ । यसरी काम गर्नसक्यो भने प्रत्येक वर्ष अर्बौं रुपैयाँ आर्जन गर्नसक्छौं । हजारौं युवाहरुलाई मुलुकमा नै रोजगारी दिन सक्छौं ।', उनले भने । क्रसरको ठेक्का लिन मेयर उपमेयरहरु नै अग्रसर रहेको भन्दै सिंहले यस्तो कार्य रोक्न आवश्यक रहेको बताए ।

'क्रसरको ठेक्का लिन मेयर उपमेयरहरुले सिकिसकेका छन् । यस्तो ठेक्का रोक्नुपर्छ । संसदको समितिहरुमा विगतमा के भयो मतलव छैन । मेरो कार्यकालमा कुनै पनि बैमानी गर्दिनँ ।', उनले भने, 'व्यवसायीहरुसँग चुनावी खर्च पनि माग गर्दैनौं । चार वर्ष काम गर्न नसके व्यवसाय मात्रै नभएर देश सकिन सक्छ ।', सरकारका सचिवहरु, मुख्य सचिवहरु, योजना आयोगका उपाध्यक्षहरु रिटायर्ड भएर विदेशी कम्पनीमा काम गर्न नपाउने व्यवस्था गर्ने उनले बताए । उनीहरुलाई रिटायर्डको पाँच वर्षपछि त्यस्ता कम्पनीमा जागिर खान पाउने व्यवस्था गरेमात्रै मुलुकलाई ट्र्याकमा ल्याउन सकिने र नत्र पशुपतिनाथले पनि थेग्नसक्ने अवस्था नदेखिएको सिंहको दाबी छ ।



साझाकुरा

## हाम्रो कुरा

# विदेशिने विद्यार्थी रोक्ने प्रयासमा मदन भण्डारी विश्वविद्यालय

मकवानपुरको उत्तरी क्षेत्रस्थित चित्लाङमा निर्माणाधीन मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले आगामी पुसदेखि पढाउने तयारी गरेको छ । थाहानगरको स्वच्छन्दभैरव माध्यमिक विद्यालयको नाममा दर्ता स्रेस्ता कायम रहेको १७९ रोपनी जग्गामा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको नाममा भोगाधिकार प्रदान गरेको हो । थाहानगरको पाँचौ नगरसभाले विश्वविद्यालय स्थापनाका लागि मन्त्रिपरिषद्ले गरेको निर्णयको स्वागत गर्दै संघीय सरकारलाई धन्यवाद ज्ञापन गरेको थियो । विश्वविद्यालयले १ पुसदेखि जैविक कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधिको पढाइ सुरु गर्ने भएको हो । थाहा नगरपालिका–९ चित्लाङमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले पठनपाठन सुरु गर्नका लागि भवनलगायत ल्याब निर्माण गरिरहेको छ । करिब ८९ लाखको लागतमा एक वर्षदेखि भवन निर्माण भइरहेको हो । चारवटा भवनमध्ये एउटा मात्र भवन तयार हुन बाँकी रहेको विश्वविद्यालय विकास समितिले जानकारी दिएको छ ।

१ पुसबाट पढाइ सुरु गर्ने लक्ष्य लिएर भवन निर्माणको कार्य तीब्र गतिमा निर्माण गरिरहेको बताइएको छ । स्नातकोत्तर र विद्यावारिधिका लागि जम्मा ३२ जना विद्यार्थी भर्ना लिने विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयमा करिब चार हजार विद्यार्थी अध्यापन गराउने क्षमता हुने बताइएको छ । त्यस्तै विश्वविद्यालयको पूरा परियोजना सम्पन्न गर्न ४३ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । आफ्नै स्रोतमा विश्वविद्यालय निर्माण गर्न गाह्रो हुने देखेपछि सरकारले चीन सरकारसँग सहकार्य खोजेको थियो । यदि पुस १ गतेदेखि कक्षा सञ्चालन भएको खण्डमा भर्ना हुन आउने विद्यार्थीबाट विश्वविद्यालयले कुनै पनि शुल्क नलिने सम्भावना छ । राम्रो विद्यार्थी देश बाहिर गइरहेको र यहाँ दक्ष जनशक्तिको अभाव हुने देखिएपछि यो विश्वविद्यालयले स्नात्तकोत्तर र विद्यावारिधि कक्षा निशुल्क गर्ने तयारी गरिरहेको हो । देशमा प्रविधि विकास गर्न राम्रा र दक्ष विद्यार्थी चाहिन्छ । राम्रा विद्यार्थी देश बाहिर नजाउन्, नेपालमै बसेर पछिसम्म काम गरुन् भनेर यसो गर्न लागिएको हो । पछिल्ला दिनमा १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै विद्यार्थी ह्वारह्वार्ती बिदेशिइरहेका छन् । क्यानडा, अष्ट्रेलिया, अमेरिका, युरोप जाने विद्यार्थीको लाइन त्रिभुवन अन्तर्राट्रिय मिानस्थलमा देखिन थालेको छ ।

पछिल्लो समयमा बेलायतले पनि नेपाली विद्यार्थीलाई प्रबेशाज्ञा दिन सुरु गरेपछि धेरै विद्यार्थीको रोजाई बेलायत बन्न पुगेको छ । योग्य विद्यार्थी सबै बिदेशिन थालेपछि नेपालका धेरै विश्वविद्यालयमा कक्षा कोठा खाली हुन थालेको छ । यसैले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले निशुल्क अध्यापन गराउने तयारी गरिरहेको बताइएको छ । यो विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी चित्लाङमै कोठा लिएर बस्न सक्छन् । काठमाडौंदेखि आउजाउ पनि गर्न सक्छन् । थानकोटबाट चित्लाङ १२ किलोमिटरको दूरीमा छ । तर, थानकोट-चित्लाङ जोड्ने गणेशमान मार्ग निर्माण पूरा भइसकेको भने छैन । विगतदेखि नै निर्माण सुरु भएको यो सडक हालसम्म पनि पूरा हुन सकेको छैन । विश्वविद्यालयलाई आवश्यक पर्ने विद्युत पनि सोलारमार्फत उत्पादन गरिसकेको जनाइएको छ । हाल विद्युत आवश्यक नपरेकाले विद्युत प्राधिकरणको ११ केभी प्रसारण लाइनमा जोडिएको छ । विश्वविद्यालयले प्राधिकरणलाई प्रतियुनिट ५ रुपैयाँ ८४ पैसामा विक्री गरेको जनाएको छ । सयवटा सोलार प्यानलबाट ५ सय किलोवाट विद्युत उत्पादन हुन्छ । चित्लाङको ताकाटारमा मदन भण्डारी विज्ञान प्रविधि विश्वविद्यालय निर्माण गरिएको हो । सरकारले १ सय ८० रोपनी जग्गाको भोगाधिकार विश्वविद्यालयलाई दिइसकेको छ । थप ८ सय रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउन प्रक्रिया सुरु गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २७ गते बुधबार १३ सेप्टेम्बर २०२३ । चतुर्दशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# क्रिकेट कूटनीतिको खाली मैदान



✍ राजाराम गौतम

एसिया कप क्रिकेट प्रतियोगिताबाट नेपाल बाहिरिए पनि नेपाली वृत्तमा क्रिकेटको ज्वरो ओर्लिएको छैन । सम्भवत: पहिलो पटक यस्तो भएको छ, हार्दा पनि नेपाली टिम र दर्शक निराश छैनन् । नयाँ उत्साह र आत्मविश्वास बढेको अनुभूति गरिरहेका छन् । एकदिवसीय क्रिकेटको सबैभन्दा अब्बल टिम पाकिस्तान र विश्वविजेता बनिसकेको क्रिकेटको अर्को महाशक्ति भारतसँगको खेलमा नेपाली खेलाडीले सम्मानजनक प्रतिस्पर्धा गरेपछि यो माहोल बनेको हो ।

विश्व क्रिकेटका श्रेष्ठ खेलाडीहरू रहेका यी दुई देशका टिमसँग आमनेसामने हुनु नेपाली खेलाडीले साँचेको वर्षौं पुरानो सपना थियो, जो पूरा भएको छ । नेपाली क्रिकेटको विकासमा यो अर्को एउटा उपलब्धि र अवसर बनेको छ । कारण, यी खेलपछि नेपाली खेलाडी अन्तर्राष्ट्रिय क्रिकेटको नजरमा अझ चहकिलो हिसाबले परेका छन्, तिनको योग्यता र कौशल तारिफको विषय बनेको छ । भारत र पाकिस्तानका ख्यातिप्राप्त खेलाडी, खेलविज्ञ, पत्रकार आदिले प्रशंसा गरेका छन् ।

प्रशंसा र बधाईबाट उत्साहित नेपाली क्रिकेटरहरू यति बेला भारत र पाकिस्तानका समकक्षी खेलाडीसँगका भलाकुसारीका किस्सा सुनाउन व्यस्त छन् । क्रिकेटले गरेको प्रगति देखेर आमजन थप आशावादी भएका छन् । राजनीतिक वृत्त त झन् कति आकर्षित छ भने, बढ्दो क्रिकेट क्रेज र यसका फ्यानलाई उसले एउटा मुख्य 'कन्स्टिच्युएन्सी' मान्न थालेको प्रतीत हुन्छ । सामाजिक सञ्जालदेखि श्रीलंकाली स्टेडियमसम्मै राजनीतिक नेताहरूका हाउभाउ अनि व्यक्त सद्भाव र समर्थन देख्दा लाग्छ, त्यसमा कहीं न कहीं 'सेन्टिमेन्ट' तान्ने रणनीति र मोह लुकेको छ ।

यता, सरकारचाहिँ क्रिकेटको उत्थान गर्ने औपचारिक प्रतिबद्धतामै सीमित छ । खाँचो भइसकेका रंगशाला निर्माणमा उसको गति धीमा छ । व्यवस्थापकीय भूमिका भएको नेपाल क्रिकेट संघ (क्यान) चाहिँ प्रादेशिक हुँदै केन्द्रसम्मै नयाँ नेतृत्व चयनको अभियानमा छ । अर्थात्, देश क्रिकेटमय भएको छ ।

विद्वेष र घृणाको आगो सल्काउँदै अस्थिरता निम्त्याउने नेपथ्यका खेलहरूले जनसाधारणमा भय र निराशा सृजना गरिरहेको यो समय क्रिकेटले केही राहत दिलाएको छ । यद्यपि यो आशा र अपेक्षासँगै सरकारले आवश्यक भौतिक पूर्वाधारको विकास गर्न नसकेकामा गुनासा र असन्तुष्टिहरू समेत छन् । सँगै क्यानको भूमिका पनि प्रश्नको घेरामा छ । सीमित साधनस्रोतको बलमा नेपाली क्रिकेटले एकपछि अर्को सिँढी उक्लँदै जाँदा सरकार अनि सरोकारवाला निकायहरू किन र कहाँ चुक्दै छन् ? क्रिकेटका प्राथमिकता र अबको गन्तव्य कसरी तय गर्ने ? मुख्यत: यो लेख यिनै प्रश्नवरिपरि रहनेछ ।

### तीन दशकको उपलब्धि

खेल विधामध्ये लोकप्रियताको सूचीमा सबैभन्दा माथि फुटबल पर्छ । तर, हाम्रो सन्दर्भमा क्रिकेटमा प्रचुर सम्भावना भएको मात्रै होइन, यसले छिटो परिणाम दिन सक्छ भन्ने पनि देखियो । नेपालमा अभिजात वर्गले मनोरञ्जनका लागि खेल्न सुरु गरेको क्रिकेट जनतासँग जोडिन थालेपछि लोकप्रिय बन्दै गएको यसको पृष्ठभूमि खोतल्दा थाहा हुन्छ ।

*संक्षिप्तमा नेपाली क्रिकेटको विकासक्रमबाट यो विश्लेषण सुरु गरौं ।*

सोह्रौं शताब्दीमा बेलायतबाट क्रिकेट खेल सुरुआत र विस्तार हुन थालेको हो । नेपालमा पनि बेलायतबाट पढेर फर्केका मदनशमशेर राणाले विक्रम संवत् १९७७ मा क्रिकेट भित्र्याएका हुन् । यसरी हेर्दा, नेपाली मैदानमा क्रिकेट खेल सुरु भएको एक सय वर्ष पनि नाघिसक्यो । तर, यो खेल जनतासँग जोडिएको तीन दशक मात्रै भयो ।

धैरै कालसम्म पनि क्रिकेट कुलीन राणा परिवारको मनोरञ्जनको साधनमा सीमित थियो । पञ्चायतकालको उत्तरार्द्धतिर अलि-अलि फैलिन थालेको क्रिकेट काठमाडौंको टुँडिखेल र तराई-मधेशका कतिपय जिल्लामा छिटफुट खेलिन्थ्यो । तिनताका केही घरेलु प्रतियोगिता पनि हुन्थे ।

क्यानको गठन २०१८ सालमै भए पनि यसले संस्थागत औपचारिकता २०४० सालमा राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत रहेपछि मात्रै पायो । क्यानले २०४४ सालमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को सदस्यता पायो, २०४६ सालमा एसियाली क्रिकेट परिषद् (एसीसी) को सदस्य भयो । र, २०५२ सालमा आईसीसीएको एसोसिएट सदस्यराष्ट्र भएपछि नेपाली क्रिकेटको अन्तर्राष्ट्रिय यात्रा प्रारम्भ भयो ।

पहिलो पटक त्यही वर्ष नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लियो । एसीसी ट्रफीमा भाग लिन पुरुष राष्ट्रिय टिम मलेसियाको क्वालालम्पुर पुगेको थियो, जहाँ ब्रुनाई र जापानलाई जिते पनि बंगलादेशसँग पराजित भएर समूह चरणबाटै बाहिरियो । नेपाली क्रिकेटको आधुनिकीकरण यहीँबाट भएको मानिन्छ ।

२०५५ सालमा नेपालले पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगिता गर्‍यो । कीर्तिपुर क्रिकेट मैदान र पुल्चोकमा खेलिएका खेलमा नेपालले एउटै जितेन । दुई वर्षपछि २०५७ सालमा नेपालले पहिलो पटक 'यु-१९ विश्वकप' मा भाग लियो । त्यसपछिका दिनमा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागितासँगै आफूलाई खार्दै अघि बढ्यो । आईसीसी ट्रफी, एसीसी इलाइट कप, एसीसी फास्ट ट्र्याक नेसन्स कप, एसीसी इमर्जिङ नेसन्स कप, एसीसी ट्वेन्टी-ट्वेन्टी, विश्व क्रिकेट लिग डिभिजनका विभिन्न प्रतियोगितामा खेल्दै जित, हार र अनुभव बटुल्दै खारिँदै 'वान डे' खेल्ने मान्यता पाएको नेपालले अहिले एसिया कपमा क्रिकेटका महाशक्तिराष्ट्र भारत र पाकिस्तानसँग खेल्ने अवसर पायो, जहाँ पराजयका बावजुद गतिलो सम्भावना भएको टिमका रूपमा फेरि एक पटक आफूलाई उभ्याउन सफल भएको छ ।

### खेल कूटनीति

सीमित साधनस्रोतका बावजुद नेपाली क्रिकेट सफलताको यो मुकाममा आइपुगेपछि अब यो खेलको विकास र विस्तार आम चासोको विषय बन्दै गएको छ । भौतिक पूर्वाधारका हिसाबले खेलाडीले जे-जस्तो अभाव भोग्दै आएका छन्, त्यसलाई उच्च प्राथमिकतामा राखेर तत्काल सम्बोधन गर्न सरकारतिर दबाबका औंला उठ्न थालेका छन् ।

क्रिकेटका लागि आवश्यक सुविधासम्पन्न रंगशालाहरूको निर्माण पहिलो अनिवार्य सर्त हो । कीर्तिपुर स्टेडियममा फ्लड लाइट राखिहाल्ने भन्दै हल्लीखल्ली गर्ने प्रचण्ड सरकारले अहिलेसम्म त्यसको व्यवस्था गर्न सकेको छैन । भर्खर टेन्डर प्रक्रियामै छ । मूलपानीमा भएका दुइटा मैदानमध्ये एउटामा खेल सुरु भए पनि अर्को निर्माणकै क्रममा छ । प्रादेशिक स्तरमा पनि रंगशालाहरू निर्माणका क्रममा छन् । सरकारको पहिलो कार्यसूची यी भौतिक संरचनाहरूको द्रुत निर्माण हुनुपर्छ । क्रिकेटका लागि पूर्वाधार विकास जति द्रुत हुन्छ, त्यति नै छिटो क्रिकेटले नयाँ गन्तव्य पहिल्याउने निश्चित छ । एसिया कपमा विश्वविजेता देशसँग भिडेको देखेका नेपाली दर्शकले भविष्यमा नेपाली टिमलाई विश्वकप क्रिकेटमै खेलिरहेको देख्न सक्नेछन् । एकदिवसीय र ट्वेन्टी-ट्वेन्टी क्रिकेट प्रतियोगिता खेल्न पाएको नेपालले टेस्ट क्रिकेटको मान्यता पाउन सक्नेछ ।

यो अपार सम्भावना भएको क्षेत्रलाई अब सरकारले किनाराको विषय बनाउनु हुँदैन । यो खेलको विकास र विस्तारका लागि बृहत् रणनीतिक योजनाको खाँचो छ । अर्थात्, अब नेपालले क्रिकेट कूटनीतिको बाटो हिँड्नुपर्छ । क्रिकेटबाट खेल पर्यटन र आर्थिक समृद्धिको भाष्य त निर्माण भयो तर नेपाल खेल कूटनीतिको अवधारणामा प्रवेश नै गरेको छैन । त्यसकारण अब खेल पर्यटनबाट एक कदम अघि बढेर सरकारले क्रिकेट कूटनीतिको अवधारणा विकास गर्नु जरुरी छ ।

हामी यस्तो भौगोलिक अवस्थितिमा छौं, जहाँ भूराजनीतिक जटिलता मात्रै छैन, सँगै क्रिकेटका महाशक्तिराष्ट्रहरू पनि छन् । जसरी हामीले आर्थिक रूपमा समृद्ध राष्ट्रसँग सन्तुलित कूटनीति अख्तियार गर्न सक्दा त्यसको लाभ लिन सक्छौं, त्यसरी नै खेल कूटनीतिबाट पनि फाइदा लिन सकिन्छ ।

विदेशनीतिमा चुक्दै र अपरिपक्व देखिँदै आएको नेपालका लागि खेल कूटनीति परको विषय हो भन्ने तर्क गर्न सकिन्छ । तर, यस्तो हीनताबोध पालेर कहिलेसम्म बस्नेरु? क्रिकेटले देखाएको सम्भावनापछि अब यो विषय बुझ्न र यसमा थप विमर्श गर्न ढिलो गर्नु हुँदैन ।

आपसी कलह र मनमुटाव भएका देशहरूले संवादको वातावरण बनाउन 'खेल कूटनीति' को अख्तियार गर्छन् भन्ने आम बुझाइ छ । चीन र अमेरिकाबीचको 'पिङपङ डिप्लोमेसी' लाई त्यही रूपमा अर्थ्याइन्छ पनि । सन् १९७१ मा बेइजिङमा यी दुई राष्ट्रका खेलाडीले टेबल टेनिस टुर्नामेन्ट खेलेपछि तनावपूर्ण सम्बन्ध सुिएको विश्वास गरिएको थियो । र, त्यो खेललाई 'पिङपङ डिप्लोमेसी' को संज्ञा दिइएको थियो ।

कैयौं देशले खेल कूटनीतिलाई 'सफ्ट पावर' का रूपमा लिने गरेको पनि पाइन्छ । अमेरिका, अस्ट्रेलिया लगायतले खेल कूटनीति कार्यान्वयनका लागि बेग्लै विभाग नै गठन गर्ने गरेका छन् । रणनीतिक योजना बनाएरै खेल कूटनीतिलाई उच्च प्राथमिकतामा राख्ने प्रचलन बढिरहँदा नेपाल यसबाट बेखबर छ । खेल कूटनीति अख्तियार गर्न अर्को देशसँग तनावपूर्ण सम्बन्ध हुनैपर्छ भन्ने होइन । खेलको विकास, खेलबाट लिन सकिने सबै खाले लाभलाई आफ्नो राष्ट्रको उच्चतम हितमा राख्न पनि खेल कूटनीतिलाई अख्तियार गर्ने गरिन्छ । जस्तो कि, जारी एसिया कपकै कुरा गरौं । भारतले पाकिस्तानको भूमिमा नखेल्ने अडान राखेपछि 'तटस्थ भूमि' श्रीलंकामा म्याच भयो । यदि हामीसँग अन्तर्राष्ट्रिय स्तरको खेल प्रतियोगिता गर्ने रंगशाला भएको भए, क्रिकेट कूटनीतिको कौशल भएको भए त्यो 'तटस्थ भूमि' नेपाल पनि बन्न सक्थ्यो ।

हामी जुन भूराजनीतिक अवस्थितिमा छौं, यहाँ हरेक देशका आ-आफ्नै चासो र स्वार्थ छन् । भूराजनीतिक टकरावका अनेक सम्भावना छन् । भारत र पाकिस्तानबीचको वैमनस्य जगजाहेरै छ । यो पृष्ठभूमिमा भविष्यमा कुनै पनि दिन खेल कूटनीति एउटा अर्थपूर्ण पक्ष हुन सक्छ । खेलले ठूला भूराजनीतिक मुद्दाहरूलाई प्रभावित गर्न नसक्ला तर जनस्तरमा संवाद बढाउने, समझदारीका अवसरहरू खोल्ने र साझा हितहरूमा जोड्ने काम गर्न सक्छ । त्योभन्दा बढी नेपालको हकमा क्रिकेट खेलाडीले प्रतियोगिताका धेरै मञ्च पाउने वातावरण बन्छ, जसले हाम्रा क्रिकेटरको व्यावसायिकता र 'एक्स्पोजर' पनि बढाउनेछ ।

### क्यानले पाठ नभुलोस्

क्रिकेटको विकास र यसको व्यावसायिकताको चर्चा गरिरहँदा क्यानको भूमिका बिर्सन मिल्दैन । सरकारजत्तिकै गम्भीर क्यान पनि हुनुपर्छ । नेपाली क्रिकेट यति बेला उज्यालो युगतिर अग्रसर छ । तर, यसका काला पक्षहरू पनि छन्, जसलाई भुल्न मिल्दैन । नयाँ नेतृत्व चयन प्रक्रिया चल्दै गर्दाको यो बेला झन् भुल्न मिल्दैन ।

एकपछि अर्को सफलताको सिँढी उक्लँदै गरेको क्रिकेटमा क्यानको नेतृत्वदायी तहमा बसेका मान्छेहरूका काला कर्तुतहरूका कारण धब्बा लागेको दृष्टान्त पुरानो भएको छैन । अति राजनीतीकरण, क्रिकेटका शून्यप्राय: गतिविधि, निराश र मनोबल गिरेका खेलाडी, आर्थिक अपारदर्शिता र अनियमितताका घटना लगायतका कारण नेपाली क्रिकेट आईसीसीको निलम्बनमै पर्‍यो । र, अब नेपाली क्रिकेटको आकाशमा लागेको कालो बादल बिस्तारै हट्दै छ । चरम राजनीतीकरणका कारण अस्तव्यस्त क्यान अब सम्हालिन थालेको छ ।

क्रिकेटको लोकप्रियता र प्रभाव बढ्न बलियो क्यान चाहिन्छ । त्यसकारण विगतका काला पक्षहरूलाई नमीठो पाठका रूपमा लिँदै क्यानले नयाँ नेतृत्व चयन गर्न सक्नुपर्छ । पूर्वकप्तान पारस खड्काको बागमती प्रदेश क्रिकेट संघमा भएको 'इन्ट्री' लाई आशाको नजरले हेरिएको छ । केन्द्रीय तहको नेतृत्व चयनमा पनि विवादरहित, आर्थिक हिसाबले स्वच्छ, क्रिकेटप्रति समर्पित, यस सम्बन्धी ज्ञान र सीप भएका मानिस नेतृत्वमा पुग्नुपर्छ । क्रिकेटको विकास र विस्तारका लागि सरकारलाई घचघच्याउन सक्ने, अन्तर्राष्ट्रिय क्षेत्रसँग गतिलो समन्वय गर्न सक्ने नेतृत्व चाहिन्छ ।

हामीसँग क्रिकेटलाई माया गर्ने दर्शक छन्, यसको लोकप्रियता र आकर्षण बढ्दो छ । यो खेलले सम्पूर्ण नेपालीलाई भावनात्मक एकतामा बाँध्न सक्छ, देशको प्रतिष्ठा बढाउन सक्छ, सबैलाई एकै चोटि खुसी दिन सक्छ र ऊर्जा थप्न सक्छ । विश्वस्तरीय क्रिकेटका मेगा इभेन्टहरू गर्न सके त्यसले देशलाई आर्थिक लाभ पनि दिन्छ । यस्तो बहुलाभ दिन सक्ने क्रिकेटको बृहत्तर हितका लागि सरकारले क्रिकेट कूटनीतिको रिक्त मैदानमा ऊत्रिन ढिलो गर्नु हुँदैन ।

---

# देलान् त दाहालले झड्का ?

✍ गोविन्द अधिकारी

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' अचेल अलि बेग्लै सुनिन थालेका छन् । उनले सुशासनको कुरा गर्न थालेका छन् । नेपाल कम्युनिस्ट (माओवादी केन्द्र)लाई 'जनताको पार्टी' बनाउछौं भन्न थालेका छन् । लाग्छ, दाहाल केही 'राम्रो' छाप पनि छाड्ने मानसिकतामा छन् ।

अर्कोतिर विगत हेर्दा भने उनका भनाइ पत्याइहाल्न कठिन हुन्छ । सत्ताका लागि साथ छाड्न बेरै नलगाउने दाहालले पहिले पनि कुरा त ठूलाठूलै गर्थे । व्यवहारले भने उनी वा माओवादी केन्द्रका नेताहरू छवि सकारात्मक बन्न सकेको छैन । विशेषगरी 'भ्रष्टाचार' र 'अनियमितता'का लागि माओवादीहरूले पुराना दलका नेतालाई समेत उछिनेको जनधारणा पाइन्छ ।

यसैले होला उनका कथनमा विश्वास गर्नेभन्दा त्यसलाई 'पाखण्ड' ठान्ने बढी देखिन्छन् । तैपनि, दाहाललाई 'शङ्काको सुविधा' नदिनु भने न्यायोचित हुँदैन । उनमा साँच्चै नै जनताको अवस्था बदल्ने 'सदाशय' पलाएको पनि त हुनसक्छ नि ! र, शङ्काको सुविधा दिनुपर्ने कारण पनि छ ।

### उपलब्ध मौका एउटामात्रै र अहिलेमात्रै

देशको राजनीतिक अवस्था निकै तरल भएको छ । अर्को चुनाव जुनसुकै बेला भए पनि अहिले समाजमा देखिएको संस्थापनविरुद्धको आक्रोश कायमै रहने सम्भावना नै बढी देखिन्छ । त्यस अवस्थामा व्यापक जनाधार भएको मानिएका नेपाली कांग्रेस, नेकपा (एमाले)जस्ता दलहरूकै स्थिति निकै दयनीय हुनसक्छ ।

अर्कोतिर, माओवादी केन्द्रको समर्थन बढ्न असम्भव नभए पनि निकै कठिन देखिन्छ । अर्थात्, अर्को चुनावपछि दाहाल प्रधानमन्त्री हुने सम्भावना अत्यन्तै कम छ । यसैले दाहालका लागि 'केही राम्रो' गर्न चाहने हो भने यही कार्यकालमा नै गरिहाल्नुपर्छ । थप समय र सुविधा उनलाई पनि उपलब्ध छैन ।

अहिलेका नेताहरूमा परिवर्तनलाई सजिलै आत्मसात् गर्ने र नयाँ परिस्थितिको आकलन गर्ने क्षमता पनि दाहालमा देखिएको छ । यद्यपि, अहिलेसम्म उनको त्यो क्षमता देशको हितमा भन्दा दाहाल र माओवादी पार्टीका नेता कार्यकर्ताको स्वार्थपूर्तिमा नै बढी काम लागेको छ । दाहालले माओवादीलाई शान्ति सम्झौतापछि लगातारजस्तै सत्तामा टिकाएका छन् । तर, त्यसको लाभ के भयो त ?

### सत्ताको स्वादले बिग्रिएका कार्यकर्ता

एकातिर माओवादीको जनाधार खस्केको छ भने अर्कोतिर पार्टी पनि चिराचिरा भएको छ । उनैका उपाध्यक्ष नारायणकाजी श्रेष्ठलेसमेत माओवादी नेताहरूको अस्वाभाविक जीवनशैलीप्रति प्रश्न उठाएका छन् । यसको सबै दोष अध्यक्ष दाहालमाथि नै जान्छ तर लाभ भने टोबहादुर रायमाझीदेखि रामबहादुर थापासम्मले लिएका छन् । पौराणिक कथाका रत्नाकरको पापको बोझ बोक्न परिवारजन तयार नभएजस्तै दाहालका कार्यकर्ताले पनि अप्ठेरो परेमा अब उनको साथ दिनेछैनन् । पुष्पकमल दाहाल 'प्रचण्ड'जत्तिका चतुरले यति त पक्कै बुझेका छन् ।

### जनताका आँखामा माओवादी- जता भत्क्यो उतै दैलो

सरकारले राम्ररी काम गर्न सकेन भन्ने प्रसङ्गमा एक जना सेवा निवृत्त प्राथमिक शिक्षकले भनेका थिए - 'माओवादीलाई त के छ र जता भत्क्यो उतै दैलो' । जनसाधारणको प्रतिनिधित्व गर्छ उनको यस धारणाले । माओवादीको गैरजिम्मेवार शैलीकै कारण जनताको यस्तो दृष्टिकोण बनेको न हो ।

र, यो सबैको अवगाल त दाहालले नै बेहोर्नुपर्छ इतिहासमा अनि अहिले पनि ।

### खाँचो एउटा ठूलै झड्काको !

यिनै सबै आत्मसात गरेर दाहालले सबैलाई झट्का दिने निर्णय गरे भने खासै आश्चर्य पनि हुनेछैन । अहिले उनले 'सुशासन' शब्द धेरै दोहोर्‍याउने गरेका छन् । देशमा दण्डहीनता रहँदासम्म 'शासन'मा 'सु' होइन 'कु' उपसर्ग लाग्छ । र, सबैलाई थाहा छ - मूलत: माओवादीकै कारण देशमा दण्डहीनता बढेको हो ।

भ्रष्टाचारका घटनामा कारबाही प्रधानमन्त्री दाहालको अर्को थेगो भएको छ । अहिले नै उनका निकट सहयोगीहरूमाथि जनताले सपरिवार भ्रष्टाचारमा संलग्न भएको आरोप लगाएका छन् । तिनको जीवनशैली र आय स्रोतका बीच तालमेल नमिलेको देखेपछि जोसुकैले पनि भ्रष्टाचारको आरोप त लगाउँछ नै ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ऐनअनुसार काम गर्ने हो भने माओवादी केन्द्रका लगभग सबै पदाधिकारी अहिले जेलमा हुनसक्थे । अस्वाभाविक जीवनशैली भ्रष्टाचारको एउटा बलियो प्रमाण त हो जुन जनसाधारणले छर्लङ्ग देख्छन् । दाहालले यो सबै नबुझेका र नदेखेका त पक्कै छैनन् ।

### प्रयोजन सकिएको पार्टीको बोझ

अहिलेको माओवादी केन्द्रमा जति नै सुधार, परिवर्तन वा विनिर्माणै गरे पनि त्यसका नेता कार्यकर्ताले सुशासन वा भ्रष्टाचार निवारण थेग्न सक्तैनन् । एउटा सानो उदाहरण- दाङको संस्कृत विश्वविद्यालयको हजारौं बिघा जमिन माओवादी नेता कार्यकर्ताले हडपेका छन् । देशको कानुन, समाजको प्रचलन र नैतिक दृष्टिले पनि यो अपराधै हो । माओवादी केन्द्र सत्तामा वा शक्तिकेन्द्रका रूपमा रहुन्जेल त्यो जमिन विश्वविद्यालयले फिर्ता पाउन सक्तैन ।

सार्वजनिक संस्थाको जमिनमा व्यक्तिको अवैध कब्जा भइरहँदा सरकारले उल्टै कब्जा गर्नेको पक्षपोषण गर्ने मुलुकमा प्रधानमन्त्रीले सुशासन र भ्रष्टाचार उन्मूलनको चर्चा गर्नु पनि 'पाखण्ड' प्रतीत हुन्छ । संगठन कार्यकर्तामा आधारित छ । ठूलो संख्यामा पूर्णकालीन कार्यकर्ता भएकाले तिनलाई पाल्न पार्टीले अपारदर्शीरूपमा 'असुली' नगरी सुख छैन । पार्टीले पूर्णकालीन कार्यकर्ता पाल्ने परम्परा नभएको कांग्रेसजस्तो दलमा समेत 'माओवादी रोग' देखा परिसकेको छ भने स्वयं माओवादीको के कुरा ?

### अब कता ?

यसैले पुष्पकमल दाहालले छिटै नै एउटा बाटो रोज्नुपर्ने देखिन्छ - सबैका यावत कलङ्को भारी बोकेर इतिहासका 'कुख्यात' हुने कि आँगमा लागेको थुलोजसरी अरूको पाप टकटक्याएर देशको हितमा केही सकारात्मक काम गरेर 'विख्यात' हुने ? माओवादी पार्टीको मोह वा समाजवादी मोर्चाको चक्कर त्यागेर उदार लोकतन्त्रको बाटोमा हिँड्न कठिन त पक्कै हुन्छ तर सही गन्तव्यमा पुग्ने हो भने बाटो त्यहीमात्र बाँकी छ पुष्पकमल दाहालका सामु । शङ्काको सुविधाको सदुपयोग गर्लान् त दाहालले ?

र अन्त्यमा, चिनियाँ राजदूत छन सोङले भारतका सम्बन्धमा नेपालमा गरेको टिप्पणीलाई बढी नै विवादको विषय बनाइएको देखियो । यसमा नेपाली समाज र विशेषगरी राजनीतिक क्षेत्रमा रहेको लघुताभास कति अभिव्यक्त भएको छ र कूटनीतिज्ञ कहलिने लोभ अनि भारत रिझाउने चाहना कति छ ठ्याक्कै भन्न त सकिँदैन । *(साभार: बाह्रखरी)*

महिला क्रिकेट :

# अनुभवको कमीले गुमेको ठूलो अवसर

काठमाडौं/नेपाली महिला क्रिकेट टिम मलेसियामा भएको आइसीसी वुमन्स टी-२० विश्वकपको एसियाली क्षेत्रको छनोटमा सेमिफाइनलमै पराजित भएपछि घर फर्किएको छ । सेमिफाइनलमा थाइल्याण्डसँग हारेपछि नेपाल विश्वकपको ग्लोबल क्वालिफायर्समा पुग्नबाट रोकियो ।

नेपाली महिला टिमको यो पुस्ताका लागि महत्वपूर्ण मानिएको विश्वकप छनोट सहज नै थियो । प्रतियोगिताको सुरुवातमा चारदेशीय सिरिज जितेसँगै नेपालको आत्मबल बलियो थियो ।

तर पनि महत्वपूर्ण खेलमा भोगेको पराजयलाई खेलाडी र प्रशिक्षकले अनुभवको कमी भनेका छन् । 'यसपटक अनुभवी खेलाडीको कमी महसुस भयो,' १६ वर्षदेखि सीता राना मगर भन्छिन्, 'ठूलो प्रतियोगिता थियो, यसखालका प्रतियोगितामा अनुभवी खेलाडी भएको भए हामीले राम्रो गर्न सक्थ्यौं कि भन्ने लागेको छ ।'



विश्वकप क्रिकेटको एसियाली छनोट खेल्न गएको नेपाली टिममा तीन नयाँ अनुहारसँगै धेरै युवा खेलाडी थिए । तर जो टिममा थिए उनीहरु योग्य नै थिए भन्छिन् कप्तान रुबिन क्षेत्री ।

'पुराना खेलाडीलाई बारम्बार मौका दिँदा पनि नतिजा नआएपछि हामीले टिम परिवर्तन गरेका थियौं', रुबिनाले भनिन् ।

प्रशिक्षक सामसन जंग थापाका लागि पनि यो आफूलाई प्रमाणित गर्ने राम्रो अवसर थियो । चारदेशीय सिरिज जितेसँगै नेपाली टिममा उर्जा बढेको उनले जानकारी गराएका थिए ।

नेपाली टिमसँगै सोमबार बिहानै काठमाडौं अवतरण गरेका उनी भन्छन्, 'हामीले इन्डोर मात्र खेल्यौं । नेपाली महिला टिमलाई एक्सपोजर नपुगेको हो । एउटा महत्वपूर्ण प्रतियोगिता अघि एउटा सिरिज खेलेर हामीलाई गाह्रै हुन्छ ।'

**ध्वस्त ब्याटिङ, चकनाचुर सपना**

२००७ मा नेपाली महिला टिम बनेपछि पुरुष टिमले भन्दा पहिला महिला टिमले विश्वकप खेल्छ भन्ने दाबी क्रिकेटका जानकारहरुले गरेका थिए ।

पुरुष टिमले सन् २०१४ मै टी-२० विश्वकप खेले पनि महिला टिमले भने अहिलेसम्म त्यो अवसर पाएको छैन । नेपालभन्दा ढिलो क्रिकेट सुरु गरेको थाइल्याण्डले नै महिला विश्वकप खेलिसकेको छ ।

'हामीभन्दा पछि आएका टिमहरुले विश्वकप खेलिसके । हामीले यत्रो वर्ष खेलेर पनि केही गर्न सकेनौं भन्ने अनुभव हुन्छ,' भावुक हुँदै सीताले सुनाइन्, 'हामीले खेलेको त केही अर्थै भएन जस्तो लाग्छ ।'

यस पटक एसियाली क्षेत्रीय छनोटबाट ग्लोबल छनोटमा पुग्न नसकेकोमा सीता जस्तै सबै खेलाडी दुखी छन् ।

यो छनोट प्रतियोगिताकै लागि भनेर नेपाल क्रिकेट संघ क्यानले भारतीय ब्याटिङ प्रशिक्षक देविका पाल्शिकरलाई ल्याएको थियो । उनको प्रभाव टिममा परे पनि मैदानमा देखिएन ।

नेपाली महिला टिम यसपटक पछि पर्नुको ब्याटिङ नचल्नु हो । बलिङ र फिल्डिङ ठिकै भए पनि ब्याटिङ सोचेजस्तो हुन नसकेको प्रशिक्षक थापा बताउँछन् । 'हामी बाहिरिनुको मुख्य कारण हाम्रो ब्याटिङ नचल्नु हो', उनी भन्छन् ।

नेपाली टिमले यस पटकको मलेसिया भ्रमणमा ब्याटिङ अर्डर परिवर्तन गरिरह्यो । 'समग्रमा भन्नु पर्दा १० वटा खेल खेल्यौं २ वटा हार्यौं । टिम सेट गर्न हामीले परिवर्तन गरेकै हो', उनी भन्छन् ।

विशेषत माथिल्लो क्रममा कुनै पनि ब्याटर सेट हुन नसक्नु नेपालका लागि निकै मंहगो सावित भयो ।

'हाम्रो स्तर राम्रो हो । खेल्नु पर्ने खेलाडीले खेल्न सकेनन्, यहाँ राम्रो गरेको खेलाडीले अन्तर्राष्ट्रिय स्तरमा खेल्न सक्नु भएन', सीताले भनिन् ।

नयाँ र युवा खेलाडीका बीचमा अनुभवी खेलाडीहरु सीता, रुबिना, काजोल श्रेष्ठ र इन्दु बर्मा पनि टिममा थिए । कप्तान रुबिना भन्छिन्, 'टिममा कप्तानले मात्रै खेलेर हुँदैन । जिम्मा मैले लिनै पर्छ तर कोही पनि म्याच विनर खेलाडी भएर निस्किएनन् जसको कारण पूरै जिम्मेवारी पुराना खेलाडीले नै लिनुपर्ने भयो ।'

**दीर्घकालीन नीति र एक्सपोजरको कमी**

नेपाली महिला क्रिकेट टिमले १ वर्षमा एउटा प्रतियोगिता खेल्छ । नेपाल क्रिकेट संघ क्यानले ११ महिनापश्चात नेपाली टिमलाई जेठमा मलेसियासँगको सिरिज खेल्न पठायो । जसमा नेपालले राम्रो नतिजा ल्यायो । तर खेलाडीलाई वर्षमा घरेलु २ वटा र अन्तर्राष्ट्रिय एउटा प्रतियोगिता खेलेर पुग्दैन । महिला टिमका लागि हाल दीर्घकालीन नीतिको कमी भएको कप्तान रुबिनाले बताइन्, 'महिला क्रिकेट टिममा दीर्घकालीन नीतिको जरुरत छ ।'

नेपाली महिला खेलाडीलाई पनि वर्षभरि क्रिकेटमा संलग्न हुने वातावरण बनाउनु पर्नेमा उनको जोड छ । पुरुष क्रिकेटले अग्रता लिएको कथा लेख्दै गर्दा पछि परेको महिला टिमको कथा किन बाहिर आएन भन्ने पनि खोतल्नु पर्छ । पुरुष टिम एसियन गेम्स खेल्न जाँदैछ तर महिला क्रिकेट टिम त्यसमा सहभागी छैन ।

'एसियन गेम्समा महिला टिम किन समावेश भएन त ?' रुबिनाले प्रश्न गर्दै भनिन्, 'भारत, पाकिस्तान, मलेसियाको पनि महिला टिम समावेश छ तर हामीले त्यो अवसर पाएनौं । यस अर्थमा लगानीको हिसाबमा हामी पुरुष क्रिकेटको तुलनामा प्राथिमिकतामा पदैनौं ।'

युवा खेलाडी समावेश नेपाल टिमले जति सक्दो धेरै एक्सपोजर पाएको खण्डमा आगामी दिनमा नतिजा आफ्नो पक्षमा ल्याउने कप्तान रुबिनाले बताइन् । 'हामी १०/१२ वर्षदेखि खेल्दा त गाह्रो भइरहेको छ । प्रदर्शन राम्रो गर्न सकेको छैन । भर्खर आएका खेलाडीलाई क्रिजमा उतारेर नतिजाको आश गर्नु गलत हो,' उनले भनिन्, 'उनीहरुलाई झन कति गाह्रो भएको होला ।'

प्रशिक्षक थापा पनि नेपाली महिला टिमलाई दीर्घकालीन नीति बनाई एक्सपोजर दिनुपर्नेमा जोड दिन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नाटक र फिल्मपछि पुस्तकमा खगेन्द्रको 'पानीफोटो'

काठमाडौं/सन् २०१० मा गुरुकुलमा मञ्चन भएको सुपरहिट नाटक थियो, 'पानीफोटो' । माओवादी जनयुद्धको समयमा बेपत्ता भएको छोराको पर्खाइमा बसेका बाआमाको कथामा नाटक आधारित थियो । त्यही नाटकको कथामा फिल्म 'पानीफोटो' समेत निर्माण भयो, जुन अघिल्लो वर्ष सार्वजनिक प्रदर्शनमा आएको थियो । नाटक र फिल्म दुवैमा खगेन्द्र लामिछानेको लेखन, निर्देशन र अभिनय थियो ।

अब खगेन्द्रले 'पानीफोटो' नाममै पुस्तक सार्वजनिक गरेका छन् । सोमबार काठमाडौंमा एक कार्यक्रमबीच कलाकार तथा निर्देशक नीर शाह, अभिनेत्रीहरु ऋचा शर्मा, स्वस्तिमा खड्का, सुरक्षा पन्त, मलिका महत, निर्देशकहरु अशोक शर्मा, निश्चल बस्नेत, दीपेन्द्र खनाललगायतले संयुक्त रुपमा विमोचन गरेको पुस्तकमा खगेन्द्रले फिल्म निर्माण, लेखन र निर्देशनको अनुभवलाई उतारेका छन् ।




फिल्म कसरी बन्छ भन्ने सन्दर्भमा रहेर आफूले पुस्तक लेखेको लेखक लामिछानेले जानकारी गराए । फिल्म निर्माणको प्रक्रिया बुझ्न चाहनेका लागि पुस्तक विशेषत: लाभदायक हुनसक्ने उनको विश्वास छ । कोरोना महामारीका कारण जारी लकडाउनको समयमा उनले 'पानीफोटो' पुस्तक लेखेर भ्याएका थिए । नाटक र फिल्ममा उठान गरिएको कथालाई भने उनले पुस्तममा उतारेका छैनन् ।

पुस्तक विमोचन कार्यक्रममा कलाकार नीर शाहले लेखक लामिछानेले पुस्तकमार्फत देखाएको फिल्मप्रतिको प्रतिबद्धता सराहनीय रहेको भन्दै प्रशंसा गरे । पुस्तक फिल्मको पाठ्यक्रममै राख्न योग्य रहेको बताउँदै उनले भने, 'फिल्म पढ्ने विद्यार्थीलाई ग्र्याजुएसन गर्न चाहिने सम्पूर्ण विषयवस्तु यो पुस्तकभित्र छ ।' फिल्म बनाउन हिंडेकाहरुले एकपटक 'पानीफोटो' पढ्नुपर्ने शाहको सुझाव छ ।

# 'मायावी'बाट आशिर्वाद र रिहान किन बाहिरिए ?

काठमाडौं/डेब्यू फिल्म 'नाइँ नभन्नू ल ६' प्रदर्शनलगत्तै अभिनेता आशिर्वाद क्षेत्रीको हातमा निर्देशक दीवाकर भट्टराईको फिल्म 'मायावी' परेको थियो । 'नाइँ नभन्नू ल ६'मा काम हेरेपछि दीवाकरले उनलाई फिल्ममा अनुबन्ध गरेका थिए । तर, अब उनी फिल्ममा नरहने भएका छन् । आर्शिवाद स्वयंले फिल्मीखबरसँगको अनलाइन कुराकानीमा फिल्मबाट आफू सहमतिमा नै अलग भएको जानकारी गराए ।





उनले भने, 'मेरो नजिकिँदै गरेको परीक्षाले फिल्ममा काम गर्न नभ्याएको हुँ । परीक्षाका लागि समय दिनुपर्ने भएपछि सहमतिमा म 'मायावी'बाट अलग भएको हुँ । र, परीक्षापछि म अर्को फिल्ममा काम गर्दैछु । त्यसका लागि पनि केही पूर्वतयारी गर्नुपर्नेछ ।' उनी बाहिरिएपछि फिल्ममा अभिनेता पल शाहको प्रवेश भैसकेको छ । आशिर्वाद केही दिन 'मायावी'को वर्कसपमा समेत बसेका थिए ।

चकलेटी अभिनेताको खडेरी रहेको समयमा आशिर्वादको आगमनलाई चासोपूर्वक हेरिएको छ । 'नाइँ नभन्नू ल ६'मा उनको लुक्स, नृत्य र एक्सनको प्रशंसा भएको थियो । अभिनयको मामलामा भने उनी कमजोर देखिएका थिए । तर, डेब्यू फिल्म नै असफल हुँदा उनलाई ठूलो धक्का लाग्यो । यद्यपि, उनीमाथि मेकरको नजर परेको छ । अब दोस्रो फिल्म उनको करिअरकै अग्नि परीक्षा हुनेछ ।

**रिहान गिरी पनि फिल्ममा नरहने**

आर्शिवादसँगै 'मायावी'बाट 'द भ्वाइस अफ नेपाल-४'का प्रतिस्पर्धी गायक रिहान गिरी पनि बाहिरिएका छन् । उनी भुटानी नागरिक हुन् । नेपालमा बस्नका लागि भिसाको समस्या आएपछि उनी फिल्ममा नहुने भएका छन् । उनको ठाउँमा नयाँ अनुहारलाई लञ्च गर्ने तयारीमा निर्देशक भट्टराई रहेका छन् । आगामी असोज पहिलो हप्ताबाट तालनगरी पोखरा क्षेत्रमा फिल्मको छायांकन हुँदैछ ।

# नारायणगढ र भरतपुरमा खाली हुन थाले सटर

चितवन/चितवनको व्यस्त बजार नारायणगढमा कुनै जमानामा व्यवसाय गर्न सटर पाउन निकै समस्या थियो । पुराना घरमा कसैले सटर खाली गर्न लागे लाखौं रकम सलामी तिरेर मात्रै पाइन्थ्यो ।

व्यापार राम्रो हुन्थ्यो । तर, हिजोआज बजार क्षेत्रका ब्यापारी भाडा बुझाउनसमेत नसक्ने अवस्थामा पुगेको बताउन थालेका छन् । कतिपय व्यवसायीले पसल छाडेर सटर खाली गराइरहेका छन् । नारायणगढ र भरतपुर बजार क्षेत्रका मुख्य तथा भित्री सडक क्षेत्रमा सटरहरु भाडामा छ भनेर लेखेको देख्न सकिन्छ ।



भरतपुरको सिजी ल्याण्ड मार्कका म्यानेजर उज्जव केसीले मलमा रहेको ६२ वटा सटरमध्ये १७ वटा खाली भइसकेको बताए । 'ब्यापार नै छैन, सामान किन्न आउने ग्राहक नै विदेश गइरहेका छन् अनि कसरी चल्छ व्यवसाय ?' केसीले प्रश्न गरे ।

नारायणगढको पुल्चोकदेखि गोन्ध्राङसम्म थालिएको ६ लेनको सडक विस्तार अझै सकिएको छैन । त्यही कारण यो सडकखण्ड छेउछाउका सटर भाडामा लिएर ब्यापार गर्नेहरुको व्यापार राम्रो छैन । नारायणगढ पुल्चोक नजिकै शुभकामना इलेक्ट्रोनिक्स पसल सञ्चालन गर्ने सूर्यभक्त अधिकारी व्यवसाय धान्नै नसक्ने अवस्थामा पुगेको गुनासो गर्छन् ।

'पोहर भन्दा अहिले झनै खत्तम छ हालत, ५० प्रतिशत पनि व्यापार छैन, तीन महिनामा ५ लाख तिर्नुपर्ने बैंकको ब्याज अहिले १२ लाख तिर्नपर्छ, घरबेटीले एक सुको घटाउने हैन', अधिकारी भन्छन्, 'केही होला, केही कमाउला भनेर बस्नेहरु चरम निराश छन् ।'

गत बर्षको पुसमा बजार क्षेत्रमा सडक सीमा अतिक्रमण गरेर मिचिएका संरचना सडक डिभिजन कार्यालय भरतपुरले डोजर चलाएर भत्काएको थियो । त्यही बेलादेखि भरतपुरमा खस्किएको ब्यापार व्यवसाय माथि उठ्न नसकेको उद्योग बाणिज्य संघ चितवनका उपाध्यक्ष शिरिष पन्त बताउँछन् ।

'सडक कार्यालयले डोजर त लगायो, तर नोक्सानी घर धनीको भन्दा बढी व्यवसायीको भयो', उपाध्यक्ष पन्त भन्छन्, 'यसमा हामीले व्यवसायीलाई कुनै राहत दिन सकिएन, न त घरधनीहरुले नै दिए ।'

अहिले नारायणगढ बजार क्षेत्रमा सडक विस्तारको काम भइरहेकाले पानी पर्दा हिलो र घाम लागे धुलो हुने अवस्था छ । 'नारायणगढ बजार झर्न नै मान्छे मान्दैन, नाक खुम्च्याउँछ, अनि कसरी ब्यापार हुन्छ, व्यवसायीहरुले भाडा तिर्न सकेनन्, बैंकले ढाड सेक्यो, अनि सटर बन्द नगरे के गर्ने भन्नुस् त ?' उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष पन्त भन्छन् ।

सडक विस्तारमा ढिलाइ भइरहे यो क्रम अझै बढ्ने उनको भनाइ छ । व्यापारमा मन्दी हुँदा पनि घरधनीले भाडा नघटाएको व्यवसायीहरुको गुनासो छ । धेरैजसो घर भाडामा लगाउनेहरु नै उद्योग वाणिज्य संघमा सदस्य रहेकाले आफूहरुको पक्षमा बोलिदिने खासै नभएको गुनासो एक व्यवसायीले गरे ।

भरतपुर र नारायणगढको जस्तै छ पूर्वी चितवनको टाँडी बजार र बकुलहरको अवस्था पनि । नाफा कमाउने त परै जाओस् भाडासमेत तिर्न नसक्ने अवस्थामा पुगेर व्यवसायी पलायन भइरहेको उद्योग वाणिज्य संघ रत्ननगरका वरिष्ठ उपाध्यक्ष शंकर गिरीले बताए । 'नेपालमा केही गर्न सकिएन भनेर विदेश जानेहरु देख्छु', गिरी भन्छन् ।

व्यवसाय बन्द गर्नेहरु धेरै भएपछि उद्योग वाणिज्य संघ र तननगरले व्यवसायीहरुसँग बसेर छलफलसमेत गरेको थियो । त्यस क्रममा आफ्नै घरमा व्यवसाय गर्ने भन्दा भाडा तिरेर व्यवसाय गर्नेहरु बढी समस्यामा परेको पाइएको गिरीले बताए ।

युवा उद्यमी मञ्च चितवनका निवर्तमान अध्यक्षसमेत रहेका सूर्यभक्त अधिकारी आर्थिक मन्दीको प्रभाव सबै क्षेत्रमा पर्न थालेको बताउँछन् । 'सरकारले घोषणा नगरेको मात्रै हो, तर देश आर्थिक संकटको चपेटामा परिसकेको छ' अधिकारी थप्छन्, 'विदेश युवा मात्रै गएका छैनन् मोटो रकम वैध, अवैध बाटो भएर गएको छ ।'

बजारमा मात्रै नभई आर्थिक मन्दीको असर होटल व्यवसायमा समेत परेको छ । होटल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष दिनेशकुमार चुकेले होटल व्यवसाय क्षेत्रमा कोरोना महामारीको समयमा भन्दा पनि अहिले खतरनाक अवस्था आएको बताए ।

कोरोना कालमा १० देखि १५ प्रतिशत होटल बन्द भएकामा अहिले आर्थिक मन्दीले त्यो भन्दा जटिल अवस्था आएको उनको भनाइ छ । होटलहरुको सञ्चालन खर्च धान्न पनि कठिन रहेको चुकेले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# मेलम्चीको पानी पुन: काठमाडौं ल्याउने समय अनिश्चित

काठमाडौं/यस वर्षको बाढीका कारण मुख्य मुहान पुरिएसँगै काठमाडौंमा मेलम्ची खानेपानी फर्काउने समय पुन: अनिश्चित बनेको छ । यस वर्ष ७ असारदेखि मेलम्चीको पानी सुरुङमा पठाउन रोकिएको थियो । यसले वर्षायाममा आउने लेदो सुरुङमा जान रोकिएको थियो । तर, साउन २७/२८ मा मेलम्ची खोलामा आएको ठूलो बाढीले पुन: खानेपानी आयोजनाको मुहानमा क्षति गरेको छ ।

मेलम्ची खानेपानी विकास समितिका निर्देशक तथा प्रवक्ता राजेन्द्र पन्तका अनुसार मेलम्चीको मुहान अहिले पनि ठूलो बाढीका कारण पुरिएको अवस्था छ । साथै बाटो समेत अवरुद्ध छ । सोहीकारण यसलाई पन्छाएर पानी काठमाडौं ल्याउने समय अनिश्चित बनेको उनले बताए ।

'वर्षा केही कम भएपछि इन्जिनियरहरुले सर्वप्रथम साइटको अध्ययन गरेपछि मात्र कहिलेबाट पहिरो पन्छाउने भन्ने टुंगो लाग्छ, त्यसका लागि कति समय लाग्छ भन्ने समेत अझै अनिश्चित छ,' उनले भने । बाढीले क्षति नगरेको भए वर्षा कम हुनासाथ पानी पठाउन सक्ने अवस्था भएपनि यो पटक त्यो सम्भव नभएको उनको भनाइ छ । आयोजनाको गेट नम्बर ९ र १० यस पटकको बाढीले पुरिएको छ ।

**अस्थायी प्रबन्धमार्फत वितरण गरिएको थियो पानी**

दुई दशक भन्दा लामो समय लगाएर निर्माण सम्पन्न भएको मेलम्ची खानेपानी आयोजनाको मुहानको काम भने अस्थायी प्रकृतिको छ । सोहीकारण वर्षा याममा मुहान पुरिने गर्छ । २२ फागुन २०७७ मा पहिलो पटक काठमाडौं उपत्यकामा मेलम्चीको पानी झारियो । १५ चैत २०७७ देखि मेलम्चीको पानी काठमाडौंका धारामा वितरण गर्न थालियो ।

१ असार २०७८ मा मेलम्ची खानेपानी आयोजनाको मुहानस्थल (हेडवर्क्स) विनासकारी बाढीका कारण तहसनहस भयो । त्यसपछि ९ महिनासम्म बन्द भएको पानी ११ वैशाख २०७९ मा अस्थायी रुपमा मात्र आउन थाल्यो । त्यसपछि बाढीबाट हुने क्षति रोक्न भन्दै मेलम्चीको मुहान बन्द गरिएको थियो । १७ जेठ २०७९ मा बन्द भएको पानी त्यसको ६ महिनापछि अर्थात २३ मंसिर २०७९ मा मात्र पानी पुन: काठमाडौं ल्याइयो । यस वर्ष ७ असार २०८० बाट पानी रोकिएको हो । अब पानी आउने समय भने अनिश्चित छ ।

खानेपानी काठमाडौंमा वितरण सुरु गर्दा आयोजनाको स्थायी ड्याम (बाँध) र पानी छान्ने संयन्त्र (डिसेन्डर) बनेकै थिएन । समितिका प्रवक्ता पन्तका अनुसार अस्थायी प्रवन्धमार्फत पानी वितरण गरिएका कारण हरेक साल यस्तै नियती भोग्नु पर्ने अवस्था छ । सोहीकारण स्थायी व्यवस्थापनका लागि सरकारले पहल गर्नुपर्ने उनको समेत राय छ । त्यसका लागि अझै २ वर्ष लाग्न सक्ने उनी बताउँछन् ।

त्यसो त एसियाली विकास बैंक (एडीबी)सहितको परामर्शदाताको समूहले मेलम्ची खानेपानी आयोजनाको पानी पथान्तरणका लागि नयाँ मुहानको खोजी सुरु गरेको छ । नयाँ मुहान बनेमा थप सुरुङ बनाएर मुहान स्थलमा सबै संरचना नयाँ बनाउनु पर्छ । त्यसका लागि २ वर्ष समय लाग्ने अनुमान छ ।

**३४ अर्ब खर्चिएको ठूलो आयोजनाबाट उपभोक्ताले पाएनन् लाभ**

राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना ३४ अर्ब रुपैयाँ भन्दा बढी खर्चिएर बनेको ठूलो आयोजना हो । तर, मुहानमा स्थायी संरचनासहित व्यवस्थापन गर्न नसक्दा यो आयोजनाबाट उपत्यकाबासीले लाभ लिन भने सकेका छैनन् ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडका अनुसार काठमाडौंमा मात्र दैनिक ४३ करोड लिटर पानीको माग छ । मेलम्चीको पानी नआउँदा मात्र दैनिक १७ करोड लिटर पानीको अभाव हुन्छ । यसको परिपूर्ति गर्न उपत्यका बासी ट्यांकर मार्फत महंगो मूल्यमा पानी खरीद गर्न बाध्य छन् । सिन्धुपाल्चोकको हेलम्बु स्थित मेलम्ची खोलामा हेडवर्क्स रहेको मेलम्चीको सुन्दरीजलसम्म २६ दशमलव ५ किलोमिटर लामो सुरुङ रहेको छ । जसबाट दैनिक १७ करोड लिटर पानी ल्याउने क्षमता छ ।

# अब शुभेक्षालाई 'चित्रा'को भर

काठमाडौं/मिस नेपाल पृष्ठभूमिकी शुभेक्षा खड्काको फिल्ममा सुखद करिअर बन्न सकेको छैन । दुईटा फिल्ममा काम गरि सकेको भए पनि उनलाई अभिनेत्रीको रुपमा स्थापित हुन अझै संघर्ष गर्नुपरेको छ । 'रणवीर' उनको पहिलो फिल्म थियो । दोस्रो फिल्मको रुपमा 'प्रेमा' गरेकी थिइन् । तर, दुवै फिल्म व्यावसायिक रुपमा सफल भएनन् । न त अभिनयमै उनले आफूलाई प्रमाणित गर्न सकिन् ।



अब उनी तेस्रो फिल्ममा काम गर्ने तयारीमा रहेकी छिन् । 'पञ्चेबाजा' फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशनमा बन्न लागेको फिल्म 'चित्रा'मा उनले मुख्य भूमिकामा अभिनय गर्दैछिन् । अघिल्ला दुई फिल्मको कमजोर नतिजाले संकटमा परेको करिअरलाई 'चित्रा'बाट पुर्नजीवित गर्नुपर्ने चुनौती उनलाई छ । यसपटक अभिनयमा पनि आफूलाई सक्षम सावित गर्नुपर्ने दबाब उनीमाथि छ ।

यही भदौ अन्तिमदेखि छायांकन सुरु हुन लागेको फिल्ममा शुभेक्षासँगै अर्पण थापा, मेनुका प्रधान, प्रमोद अग्रहरी, सिम्रन खड्का, सन्तोष अधिकारी लगायतको पनि अभिनय रहनेछ ।

एसाप इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको फिल्मको कार्यकारी निर्माातामा सन्तोष अधिकारी छन् । एक साधारण बाबु र छोरीको कथालाई प्रस्तुत गर्न लागिएको फिल्मको लेखन मनिष गौतमले गरेका हुन् ।

# १५ असोजदेखि कम्पनी दर्ता अनलाइनबाटै

काठमाडौं/कम्पनी दर्ता सम्बन्धी सबै काम १५ असोजदेखि अनलाइनबाटै हुने भएको छ । कम्पनी दर्ता, नवीकरण जस्ता सेवा अनलाइनबाटै दिने घोषणा सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत गरेको थियो । बजेट लगत्तै सुरु भएको सफ्टवेर निर्माणले एक खालको आकार पाएपछि १५ असोजदेखि कम्पनी दर्ताको काम अनलाइनबाट थालनी गर्न लागिएको कम्पनी रजिष्ट्रार महेश बरालले जानकारी दिए ।

'सफ्टवेयरको अन्य काम भइरहेका छन्, तत्कालका लागि कम्पनी दर्ता भने १५ असोजदेखि गर्न सकिने अवस्था छ,' बराले भने, 'यसको तयारीका लागि कम्पनीहरु र कार्यालयको तर्फबाट काम भइरहेको छ ।' कम्पनी दर्ता र नवीकरणसमेत अनलानबाट गर्ने आवश्यक तयारीका लागि कम्पनीसँग सरोकार राख्ने सबैका लागि सूचना जारी गरिएको पनि रजिष्ट्रार बरालले बताए । कम्पनीका कामहरु सबै अनलाइन मार्फत गराउन आवश्यक कागजात र डिजिटल हस्ताक्षर बुझाउन पनि कार्यालयले आग्रह गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# संघीयता कार्यान्वयनमा संघीय सरकार गम्भीर बन्नुपर्छः मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगा नारायण श्रेष्ठले संघीयता कार्यान्वयनमा संघीय सरकार गम्भीर बन्नुपर्ने बताएका छन् ।

नेपाल एफएम नेटवर्कले वागमती प्रदेशको राजधानी हेटौंडामा सोमबार गरेको अन्तरसरकारी सम्बन्ध र संसद विषयको सम्वाद कार्यशालामा बागमती प्रदेश सरकार प्रवक्ता समेत रहेका कानुनमन्त्री श्रेष्ठले संविधानको मर्म अनुसार संघीय सरकारले समन्वय गर्न नसकेको आरोप लगाए । अहिले हिजो संघीयताका लागि लडेका नेताको नेतृत्वमा सरकार भएपनि संघीयताको मर्म अनुसार सरकार नचलेको भन्ने विषय सत्य भएको मन्त्री श्रेष्ठको भनाई छ ।



संघीयताको प्रभावकारी कार्यान्वयन गर्न संरचनागत परिवर्तन आबश्यक रहेको मन्त्री श्रेष्ठले बताए । 'राज्यको पुनर्संरचना, शासकीय स्वरुप परिवर्तन र अहिलेको निर्वाचन प्रणाली परिवर्तन नगरेसम्म राजनीतिक स्थायित्व, शान्ति र समृद्धि सम्भव छैन', मन्त्री श्रेष्ठले भने, 'संघीय संरचना भनेको एक स्थानमा केन्द्रित राज्यशक्तिको बाँडफाँड र सो अनुसारको राज्यशक्ति संघीय ईकाइहरुमा स्थायीरुपमा हस्तान्तरण गर्नु हो ।' उनले बागमती सरकारले कानुन निर्माण र योजना तर्जुमामा नयाँ थिति बसाल्ने पनि प्रतिवद्धता जनाए । सहभागी सांसद, स्थानीयतहका प्रतिनिधिका प्रश्नको जवाफ दिँदै मन्त्री श्रेष्ठले हिजो भएका गल्तीमा धेरै बहस नगरी अब नयाँ प्रणाली विकास गर्न लाग्नुपर्ने बताए ।

कार्यक्रममा बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईले नीति, विधि, योजना र विकासमा तीनतहको सहकार्य, समन्वलाई बलियो बनाउन संसदले शसक्त भूमिका खेल्न नसकेको स्वीकार गरिन् । संघीय सरकारको बनाउने कानुनको ढिलाई, केन्द्रिकृत मानसिकताका कारण पनि समन्वयमा समस्या भएको उनको भनाई थियो । बागमती प्रदेशसभाले प्रदेश सरकार र स्थानीय सरकारलाई सहकार्यमा ल्याउने र संघियसरकारलाई पनि संसदमार्फत् दवाव दिनेगरी छलफल गर्ने उपसभामुख चापागाईले बताइन् । उनले प्रदेशसभाले विकास, कानुन निर्माणको समन्वयका लागि नयाँ प्रणाली बनाउने प्रतिवद्धता जनाइन् ।

माओवादी केन्द्रका मुख्य सचेतक रत्नप्रसाद ढकालले अन्तर सरकारी सम्बन्ध कानुन निर्माणमा मात्रै नभएर विकासमा पनि हुनुपर्ने बताए । एउटै काममा तीनतहका सरकारले काम गरिरहेको र त्यसले नागरिकलाई झन अप्ठ्यारो पारेको तर्क गर्दै ढकालले बागमती प्रदेशसभाले त्यसलाई गम्भिर रुपमा लिने बताए । प्रदेशसभा सदस्य ठूला थामीले सरकारले बजेट निर्माण गर्दा नै समन्वय गर्न नसकेकाले नीति बनाउँदा कसरी समन्वय हुन सक्छ ? भन्दै प्रश्न उठाए । प्रदेशसभा सदस्य सुष्पा भुजेलले संसदले छलफलको पात्रो नै बनाएर त्यसभित्रै तीनतहमध्ये विशेषगरी प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयलाई राख्नुपर्ने बताइन् ।

स्थानीय तहका प्रतिनिधिले स्थानीय सरकारले आवश्यकता अनुसार उपयोग गर्ने ऐन नबन्दासम्म संघ र प्रदेश सरकारसँग स्थानीय तह लडिरहनुपर्ने बाध्यता रहेको उनीहरुले बताए ।

जिल्ला समन्वय समितिका मकवानपुरका प्रमुख ललित घलानले तीनतहको समन्वयमा काम गर्न सकियो भने स्थानीय तहका कामलाई सहज हुने बताए । प्रदेश सरकारले बनाउने योजना, प्रदेशसभामा हुने नीतिगत छलफलमा अब स्थानीय तहले पनि छलफल गरेर समन्वयकारी भूमिका खेल्ने बताए ।

संघीयताका विज्ञ मीन बहादुर बस्नेतले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय नहुँदा संघीयता पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको विज्ञहरुले बताए । संविधानले परिकल्पना गरेअनुसार तीनै तहका सरकारबीच समन्वय नभएकै कारण संघीयता कार्यान्वयन कमजोर बनेको उनको भनाई छ । बागमती प्रदेशसभा सदस्यहरु, स्थानीयतहका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमको पत्रकार गोविन्द खड्काले सहजिकरण गरेका थिए ।

# पुसदेखि पढाउँदै चित्लाङस्थित विज्ञान तथा प्रविधि विश्वविद्यालय



साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित चित्लाङमा निर्माणाधीन मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले आगामी पुसदेखि पढाउने तयारी गरेको छ ।

विश्वविद्यालयले १ पुसदेखि जैविक कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधिको पढाइ सुरु गर्ने भएको हो । थाहा नगर पालिका–९ चित्लाङमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले पठनपाठन सुरु गर्नका लागि भवनलगायत ल्याब निर्माण गरिरहेको छ । करिब ८९ लाखको लागतमा एक वर्षदेखि भवन निर्माण भइरहेको हो । चार वटा भवनमध्ये एउटा मात्र भवन तयार हुन बाँकी रहेको विश्वविद्यालय विकास समितिका अध्यक्ष राजेन्द्रध्वज जोशीले जानकारी दिए । उनले १ पुसबाट पढाइ सुरु गर्ने लक्ष्य लिएको बताए ।

स्नातकोत्तर र विद्यावारिधिका लागि जम्मा ३२ जना विद्यार्थी भर्ना लिने विश्वविद्यालयले जनाएको छ । 'विद्यार्थी चित्लाङमै कोठा लिएर पनि बस्न सक्छन् । काठमाडौंदेखि आउजाउ पनि गर्न सक्छन,' अध्यक्ष जोशीले भने । थानकोटबाट चित्लाङ १२ किलोमिटरको दूरीमा छ । तर, थानकोट-चित्लाङ जोड्ने गणेशमान मार्ग निर्माण पूरा भइनसकेकाले तत्काललाई विद्यार्थी सहजै आउजाउ गर्न समस्या हुने देखिन्छ ।

विगतदेखि नै निर्माण सुरु भएको यो सडक हालसम्म पनि पूरा हुन सकेको छैन । विश्वविद्यालयलाई आवश्यक पर्ने विद्युत पनि सोलार मार्फत उत्पादन गरिसकेको जनाइएको छ । हाल विद्युत आवश्यक नपरेकाले विद्युत प्राधिकरणको ११ केभी प्रसारण लाइनमा जोडिएको छ । विश्वविद्यालयले प्राधिकरणलाई प्रतियुनिट ५ रुपैयाँ ८४ पैसामा विक्री गरेको जनाएको छ । सय वटा सोलार प्यानलबाट ५ सय किलोवाट विद्युत उत्पादन हुन्छ ।

चित्लाङको ताकाटारमा मदन भण्डारी विज्ञान प्रविधि विश्वविद्यालय निर्माण गरिएको छ । सरकारले १ सय ८० रोपनी जग्गाको भोगाधिकार विश्वविद्यालयलाई दिइसकेको छ । थप ८ सय रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउन प्रक्रिया सुरु गरिएको छ । चित्लाङ पर्यटकीय सम्भावना बोकेको मकवानपुरको उत्तरी क्षेत्र हो भने शान्ति सुरक्षा तथा शान्त वातावरणले विद्यार्थीलाई अध्ययनमा सहज हुने अपेक्षा गरिएको छ ।

# १२ वटै वडामा उपभोक्ता समितिलाई अनुशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ मकवानपुरको थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा उपभोक्ता समितिमार्फत् सञ्चालन गर्ने योजनाका पदाअधिकारीलाई अनुशिक्षण दिएको छ । पालिकाले १२ वटै वडामा गठन भएका उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई अनुशिक्षण दिएको हो ।

थाहा नगरपालिकाले तालिका बनाएर वडावडामा पुगेर अनुशिक्षण सञ्चालन गरेको हो । सबै वडाका उपभोक्ता समितिलाई अनुशिक्षण दिएको थाहा नगर पालिकाका लेखापाल सन्देश घिमिरेले जानकारी दिए । अनुशिक्षणमा उपभोक्ता समितिका पदाधिकारीलको उल्लेख्य सहभागिता रहेको थियो ।

सहभागहिरुलाई प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, लेखापाल सन्देश घिमिरे, इन्जिनियर सन्तोष बोहरा, आन्तरिक लेखापरीक्षक सन्दिप पौडेल तथा योजना शाखाका प्रकाशकुमार लामालगायतले सहजीकरण गरेका थिए । उपभोक्ता समिति गठन प्रक्रियादेखि योजना संचालन तथा फर्छ्यौटसम्मको चरणमा अपनाउनु पर्ने प्रक्रिया र गर्नुपर्ने कार्यको विषयमा सहजीकरण गरिएको थियो ।

थाहा नगरपालिकाले उपभोक्ता समितिमार्फत संचालन गर्ने योजना चालु आर्थिक वर्षको फागुन मसान्तभित्रै सम्पन्न गर्ने तालिका वडातहसम्म सर्कुलर गरेको छ । तालिकामा साउन महिनाभित्रै उपभोक्ता समिति गठनका कार्यक्रम सक्ने, १५ भाद्र भित्र लागत अनुमान तयार गर्ने गरी सर्कुलर वडामा आएको वडाध्यक्षले बताएका छन् । उपभोक्ता समितिसंग असोज मसान्तभित्रमा सम्झौता सक्ने थाहा नगरपालिकाको योजना रहेको छ । तालिका अनुसार सम्झौता सम्पन्न भएको ५ महिनाभित्रमा उपभोक्ता समितिहरुले योजना सम्पन्न गरिसक्नुपर्नेछ ।

उपभोक्ता समितिमार्फत संचालन हुने योजना सम्पन्नको डेटलाइन फागुन मसान्त मानेको छ । यसैबीच, पालिकाले ठेक्कामार्फत संचालन गर्ने योजनाहरुको भाद्र मसान्तसम्म लागत अनुमान तयार गरिसक्ने समयसीमा तोकेको छ । असोज महिनाभर बोलपत्र आव्हानको कार्यतालिका रहेको छ भने २० मंसिर भित्र ठेक्का सम्झौता गर्ने पालिकाको कार्यतालिका रहेको छ ।

# हेटौंडामा खुल्यो बृन्दावन मिष्ठान्न

हेटौंडा, २५ भदौ/शुद्ध शाकाहारी ग्राहकलाई लक्षित गरी हेटौंडाको मेनरोडमा बृन्दावन मिष्ठान्न होटल सञ्चालनमा आएको छ । बृन्दावनमा प्याज, लशुनसमेत नखाने शाकाहारीलाई छुट्टै भाँडामा पकाएर भोजन गराउने व्यवस्था रहेको सञ्चालकले जानकारी दिएका छन् ।

करिब ८० लाखको लगानीमा हेटौंडा-४ स्थित मेनरोड (नारायणी मल अगाडि) सोमबारबाट शुद्ध शाकाहारी रेस्टुरेन्ट संचालनमा ल्याएको संचालक सागार उप्रेतीले बताए । विश्वहिन्दु महासंघ मकवानपुर जिल्ला अध्यक्ष उत्तम शर्मा ढकाल र कृष्ण प्रणामी मन्दिर हेटौंडाका पण्डित कृष्णप्रसाद तिमल्सिनाले संयुक्त रुपमा बृन्दावन होटलको उद्घाटन गरेका छन् ।

बृन्दावनमा कलर बिनाको मिठाई, बेकरी परिकार, खाना, लसुन, प्याज, बेसारबिनाको खाना छुट्टै भाँडामा पकाइने व्यवस्था समेत रहेको संचालक उप्रेतीले बताए । हेटौंडाभर होम डेलिभरीको व्यवस्था समेत रहेको उनले जानकारी दिए ।

# नेवारपानी स्वास्थ्य केन्द्रमा सेवा सुधारलाई सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/हेटौंडा उपमहानगरपालिका-१९ स्थित नेवारपानी सहरी स्वास्थ्यकेन्द्रको भौतिक अवस्था र सेवा सुधारका लागि सरोकारवालाले सुझाव दिएका छन् ।

सार्बजनिक सरोकार र महिलामाथि हिंसाका बारेमा स्थानीय सरकार महिलाहरुका बीच आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले यस्तो सुझाव दिएका हुन् । हेटौंडा उपमहनगरपालिका-१९ स्थित वडा कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा सहभागीले नेवारपानी सहरी स्वास्थ्यकेन्द्रमा पर्खाल नभएकाले असुरक्षा भएको, तालिम हल व्यवस्थित नरहेको, बर्षायाममा लेउ लागेर उपचार गर्न जाने बिरामी नै लडेर घाइते हुने अवस्था आएको भन्दै आलोचना गरेका हुन् ।

उनीहरुले कतिपय औषधि म्याद सकिएको अवस्थामा रहेको भन्दै हिलोले खुट्टा खाएका बेला औषधि लिन जाँदा समेत नपाएको गुनासो गरे । जबाफमा स्वास्थ्यकेन्द्रका प्रमुख सुसन शर्माले पर्खाल नहुँदा आफू समेत असुरक्षित रहेको बताए । उनले पटकपटक कम्पाउण्डका लागि वडामा माग गरिएको स्मरण गराए । खानेपानी समस्या रहेको, स्वास्थ्य केन्द्र परिसरमा बर्षामा पानी पलाउने समस्या भएकाले लेउ लागेर हटाउनै नसक्ने अवस्था रहेको बताए ।

कार्यक्रममा निर्मल माध्यमिक विद्यालयका विद्यार्थीले खेलकुद र अतिरिक्त क्रियाकलापको वातावरण नभएको गुनासो गरेका थिए । नेवारपानीस्थित अरनिको माध्यमिक विद्यालयमा शिक्षकहरु अनुपस्थित हुने गरेको भन्दै विद्यार्थी दिउँसै घर फर्कने गरेको पाइएको टिप्पणी सहभागीले गरे । त्यस्तै विभिन्न तालिम तथा कार्यक्रमहरु दुर्गम गाउँमा लैजानुपर्नेमा जोड दिए । कतिपय सहभागीले रासायनिक मल आफूहरुले टोकन लिएर बस्दा पनि नपाएको तर, वडाध्यक्षले फोनकै भरमा आफ्ना निकटका मान्छेहरुलाई पुऱ्याइदिएको समेत आरोप लगाए ।

कार्यक्रममा वडासदस्य रिता सुनारले सुनिएका सबै गुनासोका बारेमा वडाध्यक्षलाई जानकारी गराउने र सुधारको प्रयत्न गरिने बताइन् ।

डब्लुपीडी नेपालकी फिल्ड सुपरभाईजर तिलकुमारी हुमागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा चनौटा सामुदायिक वनका अध्यक्ष हरिशरण पौडेल, मेलमिलाप केन्द्रका संयोजक कृष्णप्रसाद पौडेल, टोल विकास संस्था वडास्तरीय समन्वय समितिका अध्यक्ष देवेन्द्र अर्याल, निर्मल माविकी शिक्षिका सुजाता तिमल्सिना, नेवारपानी सहरी स्वास्थ्य केन्द्रकी प्रमुख शर्मालगायतले धारणा राखेका थिए । इन्सेकका कार्यक्रम संयोजक कृष्ण नेपालले स्वागत गरेका थिए ।

# कंसाकारसहितका तेजाब पीडित कानुन कार्यान्वयन नभएपछि चिन्तित

साझाकुरा संवाददाता

हेटौंडा, २५ भदौ/ हेटौंडाकी तेजाब आक्रमणबाट पीडित भएकी प्रतिनिधिसभा सदस्य विन्दाबासिनी कंसाकारले कानुन बनेपनि कार्यान्वयनमा नगएकोप्रति चिन्ता व्यक्त गरेकी छन् ।

कंसाकारसहितका पीडितले सरकारले कानुन बनाएपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो गरेका हुन् । सोमबार नेकपा एमाले कार्यालय च्यासलमा पूर्वप्रधानमन्त्री केपी शर्माओलीसँगको साक्षात्कारमा बोल्दै पीडित प्रतिनिधि पात्रहरुले तेजाब आक्रमणविरुद्ध सरकारले कानुन बनाएपनि त्यसको कार्यान्वयन पक्षमा अझै कमजोरी रहेको बताएका थिए । ओली प्रधानमन्त्री हुँदा तेजाब आक्रमणविरुद्ध कानुन निर्माण भएको थियो । यो कानुन हालसम्म पनि कार्यान्वयनमा आउन नसकेको हो ।

तेजाब आक्रमणविरुद्ध सरकारले ल्याएको कानुन पर्याप्त भएको र त्यो कानुन कार्यान्वयनमा नआएको सांसदसमेत रहेकी पीडित कंसाकारले बताइन् । 'म प्रतिनिधि सभा सदस्य समेत भएको नाताले पनि यो कानुन कार्यान्वयन गर्न म आफ्नो व्यक्तिगत र आफू संलग्न पाटी रास्वपाका तर्फबाट पनि पहल गर्छु ।', कंसाकारले भनेकी छन् । अर्की पीडित मुस्कान खातुनले तेजाब आक्रमणविरुद्धको कानुन आएपनि त्यसविरुद्ध जनचेतनाको अझै कमी भएको बताइन् ।

'कानुन आएपछि तेजाब आक्रमणका घटना पनि कमै भएका छन् । तर, अहिले पनि गाउँघरमा तेजाब भनेको के हो भन्ने थाहा रहेनछ', उनले सुनाइन् ।

कानुन ल्याएजसरी जागरण पनि चलाउन जरुरी रहेको खातुनले बताइन् । उनले पीडितहरुले अझैपनि औषधिका लागि अस्पताल जाँदा विभिन्न समस्या भोग्नु परेको गुनासो गरिन् ।

'कानुन त आयो तर, औषधि प्राप्त गर्न आधारकार्ड भए सहज हुन्थ्यो । अझैपनि हामी अस्पताल जाँदा विभिन्न किसिमका डकुमेन्ट खोजिन्छ । यसलाई अझ सहज बनाउन जरुरी छ', खातुनको भनाइ छ । अर्की पीडित जेनी खड्काले देखिने पीडा मात्रै पीडा नहुने भन्दै जलन हुँदा शरीरमा लाग्ने दाग कहिल्यै नमेटिने पीडा पोखिन । उनले सबै जलनका सहज उपचार र अन्य व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

शिक्षक आवश्यकता

सूचना प्रकाशित मिति: २०८०/०५/२६

श्री ऋखेश्वर बाल जागृति प्रा.वि. मनहरी-९ ज्यामिरे मनहरी गाउँपालिका रजैयाको सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय एकाइ मकवानपुरको च.नं. २५३ मिति २०८०/०५/२१ को प्राप्त पत्र र यस विद्यालयको वि.व्य.स. को मिति २०८०/०५/२४ गतेको बैठकको निर्णयअनुसार प्रा.वि. तहमा राहत अनुदान करार शिक्षक पद रिक्त रहेको र उक्त पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले १५ दिनभित्र तपशिलमा उल्लेखित कागजातसहित रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल:**
१. पद : शिक्षक
२. संख्या : १ जना
३. तह: प्रा.वि.
४. सेवाको प्रकार : राहत करार
५. शैक्षिक योग्यता: +२ वा सो सरह
**६. आवश्यक कागजातहरु:**
क. हस्तलिखित निवेदन- १ प्रति
ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
घ. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
७. तलब स्केल : नेपाल सरकारको प्रचलित नियम अनुसार
८. उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
९. दरखास्त दिने अन्तिम मिति : २०८०/६/९ गते विद्यालय समयभित्र
१०. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यक परे कक्षावलोकन
११. सम्पर्क मिति : २०८०/६/१० गते
१२. आवेदन शुल्क : रु. १०००/- (अक्षेरुपी एक हजार रुपियाँमात्र)
१३. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
पुनश्च: तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगबाट करार सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ । (विज्ञापन भएको ७ दिन भित्रमात्र) अन्तर्वार्ताको दिन सम्पूर्ण प्रमाणपत्रहरुको सक्कल प्रति नै ल्याउनु पर्नेछ ।

**श्री ऋषेश्वर बाल जागृति प्रा.वि.**
मनहरी गाउँपालिका-९ ज्यामिरे, मकवानपुर
**सम्पर्क:** ९८४५०७१८२०

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना